महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७८

घोराही उप-महानगरपालिका

दाङ

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यवसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(लुम्बिनी प्रदेश, कर्णाली प्रदेश तथा सुदुरपश्चिम प्रदेश)

पत्र संख्याः२०७८/७९
च.नं. ८८

मितिः२०७८/०५/०४

श्री नगर प्रमुखज्यू,
घोराही उप-महानगरपालिका,
नगरकार्यपालिकाको कार्यालय,
घोराही, दाङ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन ,२०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

(नारायण एम.सी.)
नायब महालेखापरीक्षक

बोधार्थः
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाण्डौ ।

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np

"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

महालेखापरीक्षकको भनाई



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययीता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ती तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीयतहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)

२०७८ भाद्र ०४ गते

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(लुम्बिनी प्रदेश, कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेश)

पत्र संख्याः२०७८/७९
च.नं. ८८

मितिः २०७८/०५/०४

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री नगर प्रमुखज्यू,
घोराही उप-महानगरपालिका,
घोराही, दाङ।

कैफियत सहितको राय

हामीले घोराही उप-महानगरपालिकाको आर्थिक वर्ष २०७६।७७ को बित्तीय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससङ्ग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसङ्ग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. लेखापरीक्षणबाट रु ११ करोड १२ लाख १६ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु १ करोड ९५ लाख ३० हजार, नियमित गर्नुपर्ने रु ७ करोड ८१ लाख ९८ हजार प्रमाण कागजात पेश गर्नुपर्ने रु. १ करोड २९ लाख १२ हजार र पेश्की बाँकी रु ५ लाख ७६ हजार रहेको छ ।

२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७७।१२।२० मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिकृया सहितको प्रमाण कागजात पेश हुन नआएकोले बेरुजु फछ्र्यौट नभइ कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना ३२ (बत्तीस) को यसैसाथ संलग्न छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तह सङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, प्रमुख र प्रमुख प्रशासकिय अधिकृत उप-महानगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(नारायण एम.सी.)
नायब महालेखापरीक्षक

बोधार्थः
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाण्डौ ।

घोराही उप-महानगरपालिका, दाङ
लेखापरीक्षण प्रतिवेदन
२०७६/०७७

परिचय – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस घोराइ उप-महानगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु उप-महानगरपालिकाको उद्देश्य रहेको छ । यस उप-महानगरपालिका अन्तर्गत १९ वडा, ६८ सभा सदस्य, ५२२ वर्ग किलोमिटर क्षेत्रफल तथा ३५ हजार परिवार र १५६ हजार जनसंख्या रहेको छ ।

स्थानीय संचित कोष : आर्थिक वर्ष २०७६।७७ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।

सि.	आयतर्फ			सि.नं	व्ययतर्फ		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	**गत वर्षको जिम्मेवारी**		१९९७४८०६५.७३	१	**चालु खर्च**		९१११०३८९०.२७
	क) नगद			२	**पूँजीगत खर्च**		३८२१८५५०१.०६
	ख) बैंक	१९९७४८०६५.७३		३	**वित्तिय व्यवस्था भुक्तानी**		०
२	**राजस्व (आन्तरिक आय)**		४५६५९०८३८.३		क) ऋण भुक्तानी	०	
	क) आन्तरिक राजस्व	१५९६०८३५३.१४			ख) ब्याज भुक्तानी	०	
	ख) राजस्व बाँडफाँड	२९६९८२४८५.१६			ग) अन्य भुक्तानी	०	
३	**वित्तिय हस्तान्तरण संघ**		९९९९२६०००		ऋण लगानी	०	
	क) वित्तिय समानीकरण अनुदान	३३९९०००००			शेयर लगानी	०	
	ख) सशर्त अनुदान	६६००२६०००			अन्य लगानी	०	
	ग) समपूरक अनुदान	०		४	**धरौटी फिर्ता**		३७८१७९८.४१
	घ) विशेष अनुदान	०		५	**जनश्रमदान फिर्ता**		
४	**प्रदेश सरकारबाट प्राप्त अनुदान**		८१७८९०००	६	**कोष फिर्ता**		८०६३३८१३.८५
	क) वित्तिय समानीकरण अनुदान	६९८७०००			क. विभाज्य कोष	२७२२९४१६	
	ख) सशर्त अनुदान	३६००००००			ख. प्रकोप व्यवस्थापन कोष	१५२०२२९६	
	ग) समपुरक अनुदान	२८८०२०००			ग. विविध कोष खाता	३८२०२१००.८५	
	घ) विशेष अनुदान	१०००००००		७	**मौज्दात**		४७८०२७१८२.४
५	**अन्तर स्थानीय तहबाट प्राप्त**		०		क) बैंक मौज्दात	४७८०२७१८२.४	
	क) क्षेत्रीय शहरी विकास योजना	०		८	**शसर्त अनुदान फिर्ता**		०
६	**विभिन्न कोषतर्फको आय**		११६८६८१८६.७९	९	**धरौटी मौज्दात**		६९७९५९५.८४
	क. विभाज्य कोष	३०१०८३१७.७९		१०	**कोष खाताको मौज्दात**		३६२४३३२३.९४
	ख. प्रकोप व्यवस्थापन कोष	१५७७५३३५.४६			क. विभाज्य कोष	२८७८९०१.७९	
	ग. विविध कोष खाता	७०९८४५३३.५४			ख. प्रकोप व्यवस्थापन कोष	५७३०३९.४६	
७	**जनसहभागिता (नगद)**		२५१८२८४६.६५		ग. विविध कोष खाता	३२७९१३८२.६९	
८	**धरौटी आय**		१०७६१३९४.२५	११	**अन्तरसरकारी वित्तीय हस्तान्तरण**		४३७७७२८२१
९	**अन्य विविध आय**		४४५८६१५९४		सामाजिक सूरक्षा	३८५८८१८००	
					पर्यटन पूर्वाधार	४५३९१४१	
					गरिवसँग विश्वेश्वर	६७०००००	
					स्थानिय पूर्वाधार विकास	४४७९०७९९	
					राष्ट्रिय परिचयपत्र व्यवस्थापन	८९१२२४	
					समाजकल्याण कार्यक्रम	७०००००	
					राष्ट्रपति महिला उत्थान कार्यक्रम	२९९८५७	
	जम्मा	२३३६७२७९२५.७२	२३३६७२७९२५.७२		**जम्मा**	२३३६७२७९२५.७२	२३३६७२७९२५.७२

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	लेखापरिक्षणको क्रममा असुली : लेखापरीक्षणमा औंल्याईए पछि नपुग विल, बढी ग्रेड भुक्तानी र समायोजन ग्रेडवापत बढी भुक्तानी भएको रु.३१,०७७।— लेखापरीक्षणको क्रममा असुल भएको छ ।	
	• **वित्तीय विवरण विश्लेषण**	
१.	**वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	
२.	**जिम्मेवारी फरक परेको** – स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.२४,१२,६६,५५६।८ मौज्दात कायम भएको र कार्यालयले उपलब्ध गराएको बैंक हिसाब मिलान अनुसार रु.१९,९७,४४,०७०। बैंक मौज्दात रहेकोमा यो बर्षको शुरुमा रु.१९,९७,४८,०६५.७३ जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.३९९५ बढी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु.	३९९५
३.	**आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन । • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन। • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो। • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो • वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन । • जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	गरेको पाईएन । • मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको । • कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको । • कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन । • सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा खरिद गुरुयोजना तयार गरेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन। • ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन । • सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। • वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको • पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको २९३ जनाको दरबन्दी रहेकोमा ६१ दरबन्दी रिक्त रहेको पाईयो । • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन । • निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन । • निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी रु ११,७१,२३,०००।०० तलब खर्च लेखेको पाईयो । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । • मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
४.	**सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।	
	• **बजेट तथा कार्यक्रम**	
५.	**बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा कानूनमा तोकिएको समयमा वजेट पेश भई स्वीकृत भएको छ ।	
६.	**बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समिति गठन गरेता पनि समितिले अनुमानित आय निर्धारण वाहेक अन्य कार्य गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।	
७.	**बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।	
८.	**चौमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम

कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ ।

(रु हजारमा)

क्र.सं.	वजेट उपशिर्षक	कुल खर्च	चौमासिक खर्च			
			प्रथम चौमासिक खर्च	दोश्रो चौमासिक खर्च	तश्रो चौमासिक खर्च	आषाढ महिना
१	चालु	९१११०३	२०३४४६	२३९३३७	४६८३१९	२७३९२७
२	पूँजीगत	३८२१८५	३२७९८	३३६८२	३१५७०४	२७०७६८
३	कुल जम्मा	१२९३२८८	२३६२४४	२७३०१९	७८४०२३	५४४६९५
४	प्रतिशत		१८%	२१%	६१%	४२%

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु १२९३२८८ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु. २३६२४४ हजार अर्थात १८ प्रतिशत, दोश्रो चौमासिकमा रु २७३०१९ हजार अर्थात २१ प्रतिशत र तेश्रो चौमासिकमा रु ७८४०२३ हजार अर्थात ६१ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु ५४४६९५ हजार अर्थात ४२ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

९. **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत जम्मा खर्चको तुलनामा
१	आर्थिक विकास	१२,१२,८९,०००	५,६०,१२,४११.१२	४.४%
२	पूर्वाधार विकास	४४१७०२६००	२३,३०,४७,१४८.८४	१८.२९%
३	सामाजिक विकास	७६,२६,५७,४००	६२,२४,८३,७२०.६७	४८.८५%
४	बातावरण तथा विकास	२,८१,५५,०००	८४,३०,१३२.९७	०.६६%
५	संस्थागत विकास, सेवा प्रवाह र सुशासन	१०,९२,९५,०००	६,६९,२८,६६५.५१	५.२५%
६	अन्य कार्यालय संचालन तथा प्रशासनिक	३४,९०,८७,०००	२८,७४,२८,९२७.१९	२२.५६%
	जम्मा		१२७४३३१००६.३	

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास मा सबैभन्दा बढी ४८.८५ प्रतिशत र वातावरण तथा विकास मा सबै भन्दा घटीमा ०.६६ प्रतिशत रहेको छ ।

१०. **खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु १५,९६,०८,३५३.१४ , राजस्व बाँडफाँड र अनुदानबाट रु २९,६९,८२,४८५.१६ समेत रु ४५,६५,९०,८३८.३० आम्दानी भएकोमा चालु तर्फ रु ९१,११,०३,८९०.२७ र पूँजिगत तर्फ रु ३८,२१,८५,५०१.०६ समेत रु १,२९,३२,८९,३९१.३३

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १२.३४ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु २,६८,४३,८००।- खर्च भएको छ जुन आन्तरिक आयको १६.८२ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ४५.९२ प्रतिशत चालु र १९.२६ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>११.</td><td>लक्ष्य प्रगति : कार्यालयले चौमासिक र बार्षिक स्तरक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।
<table>
<tr><th rowspan="2">कार्यक्रम/योजना</th><th rowspan="2">कुल कार्यक्रम</th><th colspan="4">वार्षिक प्रगति स्थिती</th></tr>
<tr><th>शून्य प्रगती</th><th>२५%सम्म प्रगति</th><th>५०% सम्म प्रगति</th><th>७५% सम्म प्रगति</th></tr>
<tr><td>कार्यक्रम संख्या</td><td>१९३९</td><td>५०२</td><td>२९</td><td>५२</td><td>३९</td></tr>
</table></td><td></td></tr>
<tr><td></td><td>संगठन तथा कर्मचारी ब्यवस्थापन</td><td></td></tr>
<tr><td>१२.</td><td>प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित २९३ दरबन्दी स्वीकृत रहेकोमा प्रमुख प्रशाकीय अधिकृत सहित २२९ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका अन्य अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित ६१ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१३.</td><td>कर्मचारी करार - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले विभिन्न १४ पदमा १७० जना कर्मचारीहरु करारमा राखि रु ३,२६,३३,०००।- खर्च लेखेको छ ।

त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न ९ पदमा ७८ जना करार नियुक्ति गरी बर्षभरीमा रु २,७८,५९,७८०।- भुक्तानी गरेको छ । नियम विपरीत कर्मचारी करारमा राखी भुक्तानी दिएको नियमसम्मत देखिएन रु.</td><td>२७८५९७८०</td></tr>
<tr><td>१४.</td><td>कल्याण कोष - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था रहेकोमा कर्मचारीको तलव भुक्तानी गर्दा १०% कट्टी गरी कोषमा दाखिला गरेको छैन् । यस वर्ष पालिकाले वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु १,७७,५०,०००।- ट्रान्सफर गरेको छ । तर उक्त कोषको</td><td></td></tr>
</table>

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले उक्त रकम फिर्ता लिई स्थानीय तहको सञ्चित कोषमा दाखिला हुनुपर्ने रु.	१७७५००००
	१४.१ यस बर्ष पालिकाले विभिन्न ६ जना कर्मचारीलाई अवकाश भुक्तानीको रुपमा उपदान र संचित विदा वापत रु २,२०,३०,५१२।९६ खर्च लेखेको छ । नियम वमोजिम तलव वाट रकम कट्टी नगर्ने तर एक वर्षमा ठूलो रकम अवकाश वापत खर्च गर्दा पालिकाको कोष व्यवस्था नभएको दायित्व (Unfunded Liability) वृद्धि भई विकास निर्माण कार्य लगायत उत्पादनशिल क्षेत्रमा प्रवाह हुने रकममा कमी हुन जाने देखिन्छ । कानूनमा भएको व्यवस्थाको पालना गरी योगदानमा आधारित कोषको व्यवस्था गरी अवकाश भुक्तानी गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।	
१५.	**सेवाप्रवाहको स्थिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार ९ वटा ऐन, ३ वटा नियमावली र १२ बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्त भएको छ :	

विवरण	जम्मा
स्वीकृत घरनक्सा दर्ता पास	२५६
पञ्जिकरणतर्फ	
जन्मदर्ता	४३१३
मृत्युदर्ता	८९३
बसाईसराई दर्ता	९००
विवाह दर्ता	१५४८
सम्बन्धविच्छेद दर्ता	६८
पूर्वाधार विकास सडक निर्माण	
कालोपत्रे सडक निर्माण	८.२५१ कि.मी.
कालोपत्रे सडक मर्मत	१८.२६ कि.मी.
ग्राभेल सडक निर्माण	१२.८५ कि.मी.
ग्राभेल सडक मर्मत	२१.७५ कि.मी.

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।

१६.	**योजना छनौट र कार्यान्वयन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रकृतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक विकास योजना २०७६/७७ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।	

रु १ लाख सम्म	रु १ लाख देखि २ लाखसम्म	रु २ लाखदेखि ५ लाखसम्मका	रु ५लाख देखि १० लाखसम्मका	रु १० लाखभन्दा बढीको	जम्मा
१०४	२८९	१५४	१२३	९९	७६९

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु १ लाख देखि १० लाख वढी सम्मका जम्मा ७६९ वटा

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र १०४ वटा योजनाहरु रहेका छन् । साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।	
	• **कानून निर्माण एवं कार्यान्वयन**	
१७.	**कानून र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १० वटा ऐन, ४ वटा नियमावली, ४९ कार्यविधि लगायत ६३ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले यी कानूनहरु निर्माण गरी सभा/कार्यपालिकाबाट स्वीकृत गरी कानूनहरु राजपत्रमा प्रकाशन गरेको भएता पनि आवश्यक कानुन हरु जस्तै : सार्वजनिक खरिद नियमावली, आर्थिक कार्यविधि नियमावली हालसम्म वनाएको छैन् । तसर्थ उक्त कानूनहरु निर्माण गरि राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।	
१८.	**न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ९८ र यो बर्ष थप भएको ११३ गरी कुल २११ विवाद दर्ता भएकोमा ६५ वटा मात्र फछ्र्यौट भई १४६ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।	
	• **पदाधिकारी सुविधा**	
१९.	**स्वकीय सचिव र सल्लाहकार** - लुम्विनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्ननहुने उल्लेख छ । तर नगर प्रमुखको स्वकीय सचिवका रुपमा पाँचौ स्तर तलब भत्ता भुक्तानी हुने गरी श्री स्मृति भण्डारी लाई नियुक्त गरी मासिक रु २८,२००।- का दरले रु ३,६६,६००।- भुक्तानी भएको छ । त्यस्तै कानूनी सल्लाहकार एक जना र प्रेस सल्लाहकार एक जना लाई मासिक २०,०००।— का दरले रु ५,२०,०००।— भुक्तानी भएको छ ।	
२०.	**स्थानीय तहका पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार लुम्विनी प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु २,६८,४३,८००।- सुविधा वापत भुक्तानी भएको छ ।	

सि. नं	विवरण	प्रमुख	उपप्रमुख	वडाअध्यक्ष १९ जना	कार्यपालिका सदस्य ७ जना	सभाका सदस्य ६८ जना	जम्मा

दफा	भौ.नं, मिति र ब्यहोरा								बेरुजू रकम
	१	बैठक भत्ता	३६०००	३६०००	६८४००	२५२०००	२४४८०००	२४४०४००	
	२	यातायात खर्च	०	०	२७३६०००	६७२०००	३२६४०००	६६७२०००	
	३	टेलिफोन,मोबाइल	६००००	६००००	९१२०००	२९४०००	२४४८०००	३७७४०००	
	४	पुस्तक,पत्रीका, ईन्टरनेट	६००००	६००००	९१२०००	२९४०००	१६३२०००	२९५८०००	
	५	समन्वय तथा सहजीकरण	१८००००	१४४०००	१५९६०००	४२००००	३२६४०००	५६०४०००	
	६	अतिथि सत्कार	१०८०००	९६०००	१५९६०००	०	०	१८०००००	
	७	खानेपानी/बिजुली / सरसफाई	१४४०००	१२००००	०	०	०	२६४०००	
	८	चाडपर्व खर्च	१५०००	१५०००	२४७०००	७००००	५४४०००	८९१०००	
		जम्मा	५८८३०००	५१६०००	८४३६०००	२००२०००	१३६०००००	२६८४३८००	
२१.	**खाना तथा विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु ६८,४९,०६७।- खर्च गरेको छ ।								
२२.	**आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु ३३,१०,५४४।- आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।								
	• **अनुदान फिर्ता, वितरण र उपयोग**								
२३.	**अनुदानको अनुगमन** - सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले देहायअनुसार कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा रु ७०,००,०००।- अनुदान खर्च लेखेकोमा पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।								
२४.	**पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च** - पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ। यस पालिकाले वातावरण सम्वन्धि प्लाष्टिक झोला विस्थापन कार्यक्रम वापत सीमा क्रियसन हाउसलाई भुक्तानी दिएको देखियो । पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रु.४,००,०००।- भुक्तानी दिएको पाईयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।								
२५.	**महोत्सव तथा अन्य खर्च** - स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन । तर गाउँपालिकाले यस वर्ष माघि मिलन तथा तिज कार्यक्रम, उपचार खर्च , खेलकुद आदिका लागि धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमा रु ७,१५,०००।- खर्च गरेको छ ।								
२६.	**भेरिएशन अर्डर :** ठे. नं. १८-२०७६।७७ : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४.१ मा खरिद सम्झौता गर्दाका वखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा								

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	सोको स्पष्ट कारण खुलाई सम्वन्धित अधिकारीले भेरिएशन आदेश जारी गर्न सक्ने व्यवस्था छ । नेपाल व्यारेक देखि गुलरिया पार्क फुटपाथ सहित सडक पिच निर्माण (दामोदर चोक देखि तुल्सीपुर चोक सम्म) कार्यका लागि यस पालिका र निर्माण व्यवसायि थ्रि.जि. कन्स्ट्रक्सन वीच रु ९१,३१,३०३।६५ (मू.अ.कर वाहेक) कवोल अंक को मिति २०७७।३।१५ मा सम्पन्न गर्ने गरी मिति २०७६।१२।१० मा सम्झौता भएको छ । यस निर्माण कार्यको लागि मिति २०७७।१।२४ मा पालिकावाट २४.९८% भेरिएशन अर्डर स्वीकृत भएको छ । भेरिएशन अर्डरपछि यस निर्माण कार्यको शुरु लागत अनुमानको २३.६१% प्रतिशत वृद्धि भएकामा निर्माण व्यवसायिले कवोल गरेको शुरु कवोल अंकमा २४.९८% वृद्धि भएको छ । निर्माण व्यवसायिले वढी दर कवोल गरेको आइटममा वढी वृद्धि र कम दर कवोल गरेको आइटममा कम वृद्धि भएको देखिन्छ । यस्को उदाहरण निम्नानुसार रहेको छ :	

आइटम	भेरिएशन अर्डर अघि			भेरिएशन अर्डर पछि			भि.ओ. पछि वृद्धि भएको रकम
	परिमाण	ल.ई. दर	कवोल दर	परिमाण	ल.ई. दर	कवोल दर	
First class Chimney Bhatta Brick masonry wall with cement sand mortar (1:6)	४७.५३ घन मी.	११९८४.९८	१२०००	१३४.८२ घन मी.	११९८४.९८	१२०००	१०४७४८०

	भेरिएशन अर्डरको प्राविधिक पुष्टयाइ र प्रमाण पेश नभइ आवश्यकता अनुसार भन्ने उल्लेख गरी भेरिएशन अर्डर स्वीकृत भएको छ । सम्झौता गर्दाका वखत सजिलै पूर्वानुमान गर्न सकिने विषयमा समेत कुनै आइटममा १८३% वृद्धि हुदाँ समेत निर्माण व्यवसायिसँग आइटम दर का लागि वार्ता नगरी निर्माण व्यवसायिलाइ फाइदा हुने गरी गरिएको भेरिएशन अर्डर उचित देखिदैन। यस तर्फ पालिका गम्भिर वन्नु पर्दछ । यस किसिमको भेरिएशन अर्डरलाई निरुत्साहित गरिनु पर्दछ ।	
२७.	**सवारीसाधन खरिद** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले १९ थान दुई पांग्रे सवारि साधन खरिदमा रु ४८,६०,०९९।- , तथा २ थान चार पांग्रे सवारी साधन खरिदमा रु ८२,२७,८९९।- खर्च गरेको छ ।	

सि.नं	सवारी साधन	संख्या	रकम
१	मोटरसाइकल	१९	४८६००९९
२	कार/जीप	२	८२२७८९९
	जम्मा		१३०८७९९८

	• **कर दस्तुर एवं आन्तरिक आय**	
२८.	**आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय(व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु २५,००,००,०००।०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७६।७७ मा रु २७,००,००,०००।०० अर्थात अनुमान भन्दा ८ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।	

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>२९.</td><td>

कर तथा शुल्क असुली - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

<table>
<tr><th>आय शीर्षक</th><th>अनुमान</th><th>असुली</th><th>असुली प्रतिशत</th></tr>
<tr><td>एकीकृत सम्पत्ति कर र घरजग्गा कर</td><td>३००००००० </td><td>२५९००००० </td><td>८६.३३</td></tr>
<tr><td>घरजग्गा वहाल कर</td><td>२१५००००० </td><td>१३७००००० </td><td>६७.७२</td></tr>
<tr><td>व्यवसाय कर</td><td>२००००००० </td><td>९२५४००० </td><td>४६.२७</td></tr>
<tr><td>वहाल विरौटी शुल्क</td><td>१००००० </td><td>२४८२००० </td><td>१००%</td></tr>
</table>

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

</td><td></td></tr>
<tr><td>३०.</td><td>

असुली गर्न बाँकी आन्तरिक आय - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ ।यस पालिका र आकर्ष निर्माण सेवा एण्ड सप्लायर्स वीच जडिवुटि, कवाडि र जिवजन्तु कर उठाउने सम्वन्धी सम्झौता भएको छ । सम्झौतामा आर्थिक बर्ष २०७६।७७ का लागि मू.अ.कर बाहेक कबोल अंक रु १६,०३,०००।— को ६०% ले हुने आउने रकम रु ९,६१,०००।— र मू.अ.कर र आयकर यो सम्झौता गर्दाको वखत दाखिला गर्नुपर्ने र बाँकी रकम मध्ये २०% रकम २०७६ पौष मसान्तसम्म र २० प्रतिशत रकम चैत्र मसान्तसम्म अनिवार्य दाखिला गर्नुपर्ने, उल्लेखित रकम समयमा दाखिला नगरेमा पालिकाले व्याज, हर्जना थप गर्ने वा सम्झौता रद्द गर्न सक्ने व्यवस्था छ । सम्झौतको वुदाँ नं. ७ मा यस पालिकामा वुझाउनु पर्ने रकम कुनै पनि कारण देखाई मिनाहा माफि माग गर्न नपाइने व्यवस्था रहेको छ । यस पालिकको मिति २०७७।८।१० को कार्यपालिकाको वैठकमा कोरोना भाइरस प्रकोपको कारण देखाइ लकडाउन अवधिभरको ठेक्का रकम छुटका लागी आकर्ष निर्माण सेवा एण्ड सप्लायर्सले निवेदन दिएको भनी २०७६।१२।११ गते देखि २०७७।२।३२ सम्मको जडिवुटि, कवाडी जिवजन्तु करको अन्तिम किस्ता वापतको रकम रु ३,२०,६००।— छुट दिने निर्णय भएको छ । सम्झौतामा उल्लेख भएको व्यवस्था विपरित राजस्व छुट दिएकोले सम्वन्धित व्यवसायिवाट उक्त रकम असुल हुनुपर्ने रु.....

<table>
<tr><th>सि.नं.</th><th>ठेकेदारको नाम</th><th>आय ठेक्काको नाम</th><th>सम्झौता रकम</th><th>दाखिला रकम</th><th>बाँकी रकम</th></tr>
<tr><td>१</td><td>आकर्ष निर्माण सेवा एण्ड सप्लायर्स</td><td>जडिवुटि, कवाडि र जिवजन्तु कर उठाउने</td><td>१६,०३,०००।-</td><td>१२८२४००।-</td><td>३२०६००।-</td></tr>
</table>

</td><td>३२०६००</td></tr>
<tr><td>३१.</td><td>

राजश्व दाखिला : आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत १९ वटा वडा बाट प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । पालिकाले सम्पूर्ण वडा

</td><td></td></tr>
</table>

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा विशेष ध्यान दिनुपर्दछ ।	
३२.	**व्यवसाय कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु ९२,५३,५७०।०० कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।	
	• **उपभोक्ता समिति मार्फत कार्य**	
३३.	**प्राविधिक बिल र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बराबर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बराबर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नम्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नम्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।	
३४.	**हेभी इक्विपमेण्टको प्रयोग** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वाट निर्माण कार्य गराउदाँ मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा उपभोक्ता समिति वाट कार्य गराउन सकिने व्यवस्था छ । त्यस्तै नियमावली, २०६४ को नियम ९७ मा सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समितिले गर्नुपर्ने र उपभोक्ता समिति वाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर विटुमिन डिस्ट्रिव्युटर, विटुमिन व्वाइलर जस्ता हेभी मेशीनहरु प्रयोग गर्न नसकिने व्यवस्था छ । साथै उपभोक्ता समितिले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सब-कन्ट्रयाक्टरबाट गराउन नसकिने व्यवस्था रहेको छ । यस पालिकाले आर्थिक बर्ष २०७५।७६ मा विभिन्न क्षेत्रमा असफाल्ट सडक पिच निर्माण कार्यका लागि विभिन्न उपभोक्ता समितिहरु सँग सम्झौता गरेको छ । सार्वजिनक खरिद ऐन तथा नियमावलीको मर्म विपरीत ठूला र अनुभवी निर्माण व्यवसायिले मात्र गर्न सक्ने यस्तो जटिल प्रकृतिको असफाल्ट सडक पिच निर्माण उपभोक्ता समिति मार्फत गराउनु व्यवहारिक र नियम सम्मत देखिएन् ।निर्माण व्यवसायीको संलग्नता विना असफाल्ट वनाउने मेशिन (Asphalt Plant) को उपलव्धता सम्भव नहुने हुदाँ यस्ता प्रकृतिका कार्यमा निर्माण व्यवसायिको संलग्नता रहने देखिन्छ ।आर्थिक बर्ष २०७६।७७ मा कार्य सम्पन्न भएतापनि सडक निर्माण कार्यको गुणस्तर र मूल्याकंनमा समस्या भई सडक वेशको (Water Bound Mecadum) कार्य सम्मको मात्र यस आर्थिक बर्षमा भुक्तानी दिएको छ । असफाल्ट सडक पिचका लागि न्युमेटिक रोलर (Pneumatic Roller) को प्रयोग गर्नुपर्नेमा सोको प्रयोग नगरी ड्रम रोलरको प्रयोग गरेकोले मापदण्ड अनुसारको गुणस्तरीय सडक नवन्ने देखिन्छ ।यसले सडकको सतह शत प्रतिशत मजवुत (Compress/Compaction) नभई निजी परामर्शदाता वाट तेश्रो पक्ष मूल्याकंन गराइ ८० देखि ९० प्रतिशत	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	रहेको Test Report का आधारमा उपभोक्ता समितिलाई आर्थिक वर्ष २०७७।७८ मा भुक्तानी दिएको छ । यस कार्यको मूल्याकंन (कामको नापजाँच र गुणस्तर परिक्षण) का लागि छुट्टै परामर्शदाताको खरिद गरी मिति २०७७।६।९ मा रु ८,१०,७७५।– रकम भुक्तानी भएको छ ।उपभोक्ताले गरेको कामको नापजाँच पालिकाका प्राविधिक कर्मचारी गर्न सक्ने कार्यमा परामर्शदातावाट गराइ भुक्तानी गर्नु नियम सम्मत भएन । सार्वजनिक खरिद ऐन नियमावली विपरीत असफाल्ट सडक पिच निर्माण कार्य उमभोक्ता समिति मार्फत गराई भुक्तानी दिएको नियम सम्मत देखिएन रु.....	१,०६,११,७२९

सि. नं.	उपभोक्ता समिति	लागत अनुमान	सम्झौता मिति	शुरु सापन्न गर्नुपर्ने मिति	आ.व. मा ७७।२०७६ भुक्तानी	कैफियत
१	वुकाली डाडाँ	२३५२९४१।१८	०७५।८।१९	०७६।२।२५	९७३३४३	
२	रविलाल घर्ति	२३५२९४१।१७	०७५।१०।११	०७६।३।२५	१०२२८६८	
३	अन्नपुर्ण शुभकामना				६०९१४६	
४	अम्विकेश्वरी ईश्वरी	२३४८१७७।८७	०७५।११।६	०७६।२।२५	९४०७५९	
५	कपासी नर्सरी				९०९१८६	
६	सौडीकुला सिमलबाट	२५००००००।०	०७५।७।२९	०७६।२।२२	१००९०७९	
७	मर्या वडा दक्षिण दुन्दा हुदैं ववई	२४०९६३८।५५	०७५।८।१२	०७६।२।१५	९९०४१०	
८	नयाँ वस्ती कृष्ण कुवर	२५००००००।०	०७५।९।२५	०७६।१।२६	१२५१४४५	
९	सर्रा चोक पूर्व भगवानपुर	२३५२९४१।१८	०७५।८।१९	०७६।३।२५	९३७२६५	
१०	गोग्ली तल्लो वाटो	१०५२६३१।५८	०७५।८।१५	०७५।२।२६	४०६८७१	
११	सेवार खोला पूल वडहरा	२५००००००।०	०७५।८।२५	०७६।२।२५	१५६१३५७	
	जम्मा				१०६११७२९	

यस्ता जटिल प्रकृतिका प्राविधिक काम र ठूला लगानी र Plant नै स्थापना गरी काम गर्नुपर्ने कार्य उपभोक्ता समिति मार्फत गराउने कार्य वन्द गरिनु पर्दछ । कामलाई मितव्ययी, गुणस्तरीय र दिगो वनाउने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

३५. **जटिलसंरचना निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, असफाल्ट पिच, डिप वोरिङ्ग लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

गोभौनं./मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम
२१।२०७७।३।३१	बहुउद्देश्यिय गृहमा डिप वोरिङ्ग निर्माण	डिप वोरिङ्ग निर्माण	१०००००००।-
६८०।२०७७।३।७	वुटनियाको साउने जरुवा उपभोक्ता समिति	डिप वोरिङ्ग निर्माण	९,९९,०००।-
		जम्मा	१९९९०००।-

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३६.</td><td>उपभोक्ता समितिलाई सिमाभन्दा बढीको कार्य - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा रु.१ करोडसम्म लागत अनुमान भएको निमार्ण कार्य मात्र सम्बन्धित उपभोक्ता समितिबाट गराउन सकिने तथा उक्त लागतमा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी र जनसहभागिताको अंश समेतको रकम समावेश हुने व्यवस्था छ । पालिकाले रु १ करोडभन्दा वढी लागत अनुमान भएको २ योजनामा पालिकाले रु २ करोड र जश्रमदानबाट रु १० लाख बेहोर्ने गरी उपभोक्ता समितिबाट गराएको पाइयो । यस वर्ष निम्नानुसार सीमा भन्दा वढिको लागत अनुमानको कार्य उपभोक्ता समितिवाट गराएको नियम सम्मत देखिएन रु.....
<table>
<tr><th>उपभोक्ता समितिको नाम</th><th>कामको विवरण</th><th>पालिकाले तयार गरेको लागत अनुमान कन्टन्जेन्सी ३% समेत (ओभरहेड र मू.अ.कर वाहेक)</th><th>वास्तविक हुनुपर्ने लागत अनुमान (ओभरहेड र मू.अ.कर समेत)</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>कर्जाही डयाम उ.स.</td><td>डयाम निर्माण कार्य</td><td>१,००,००,०००।-</td><td>१,२६,२४,६४२।-</td><td>१,००,००,०००।-</td></tr>
<tr><td>रोहिणी डयाम उ.स.</td><td>डयाम निर्माण कार्य</td><td>१,००,००,०००।-</td><td>१,२६,२४,६४२।-</td><td>७४,८४,२६५।-</td></tr>
<tr><td>चेपे डयाम उ.स.</td><td>डयाम निर्माण कार्य</td><td>८०,००,०००।-</td><td>१,०३,९६,०००।-</td><td>८०,००,०००।-</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२,८०,००,०००।-</td><td>३,५६,४५,२८४।-</td><td>२,५४,८४,२६५।-</td></tr>
</table>
नियममा भएको व्यवस्था विपरीत हुने गरी यस्ता ठुला आयोजना निर्माणको कार्य उपभोक्ता समितिबाट नगरी प्रतिस्पर्धात्मक र मितव्ययी हुने गरी बोलपत्रको माध्यमबाट हुनुपर्दछ ।</td><td>२,५४,८४,२६५।-</td></tr>
<tr><td></td><td>३६.१. कृत्रिम जलाशय (डयाम) निर्माण : सार्वजनिक निकायले ठूला परियोजना शुरु गर्नु अघि वातावरणिय, सामाजिक, भौगोलिक, प्राविधिक रुपमा उपयुक्त भए नभएको एकिन गर्न सम्भाव्यता अध्ययन गरी उपयुक्त भएमा परियोजना शुरु गर्नु पर्दछ । यस पालिकावाट आर्थिक वर्ष २०७६।७७ मा विभिन्न स्थानमा कृतिम जलाशयको निर्माण भएको छ । यस पालिकावाट निर्माण भएका डयामको कुनै सम्भाव्यता अध्ययन नगरी कार्य गरेको देखियो । यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ :</td><td></td></tr>
<tr><td></td><td>क) वन वाटिका उत्तरतर्फ डयाम : यस डयामका लागि पालिका र उपभोक्ता समिति वीच रु ५०,००,०००।— को लागत अनुमानमा मिति २०७७।३।२० मा कार्य सम्पन्न हुनेगरी मिति २०७६।१२।७ मा सम्झौता भएको छ । योजना मिति २०७७।३।२१ मा सम्पन्न भई मिति २०७७।३।२३ मा उपभोक्ता समितिलाई हस्तान्तरण भएको छ । यस कार्यका लागि उमभोक्ता समितिवाट कार्य सम्पन्न भई योजना हस्तान्तरण समेत भएको देखियो । डयामको Compaction को गुणस्तर आश्वस्तताको लागि कुनै प्रयोगशाला परिक्षण गरेको छैन् । यस डयामको स्थलगत निरीक्षण गर्दा कार्य सम्पन्न गुणस्तरको भएको छ भन्ने एकिन गर्न सकिएन। सम्भाव्यता अध्ययन नगरी योजना शुरु गरेको छ । डयाम वनेको ठाउँको तल्लो क्षेत्र (Down Stream) पूरै भिरालो (Vertical Slope) अवस्थाको रहेको छ । उक्त स्थान हाइड्रोलोजी (Hydrology) , भूतत्व (Geology) , सरंचनागत(Structural) हिसावले उपयुक्त थियो थिएन अध्ययन नगरि र निर्माण गर्दा निर्माण कार्यको प्रयोगशाला परिक्षण नगरी कार्य गर्दा डयाम गुणस्तरीय छ भन्ने कुरामा विश्वश्त हुन सकिएन । डयामको निर्माण क्रममा तल्लो क्षेत्र (Down Stream) मा संरक्षण (Protection) कार्यका लागि २० वटा ग्याविन वक्सको कार्य भएको नापी किताव वाट देखिएकोमा स्थालगत निरीक्षण गर्दा उक्त संरचना भत्किएर पुरिएको अवस्था रहेको छ, र ग्याविन वक्सको</td><td></td></tr>
</table>

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	संख्या भौतिक रुपमा एकिन गर्न सक्ने अवस्था छैन् । ड्यामको तल्लो क्षेत्र (Down Stream) भागमा पानी सिपेज भई रहेको अवस्था छ । मूल संरचनाको केही भाग चर्किएको अवस्था छ । ड्यामको तल्लो क्षेत्र (Down Stream) भिरालो रहेको र त्यसतर्फ करिव ३०० मीटरको दुरिमा १०-१२ वटा घर रहेको वस्ति छ, ड्यामको अवस्था अवलोकन गर्दा बर्षादकको समयमा ड्याममा समस्या आई उक्त वस्ती जोखिममा पर्ने अवस्था देखिन्छ। यस पालिका वाट पर्याप्त सम्भाव्यता अध्ययन नगरी यस्तो भुगोलमा ड्याम निर्माण गर्ने कार्य गर्नु उचित देखिदैन । भौगोलिक अवस्था, मानविय जोखिम र कामको गुणस्तरमा पर्याप्त ध्यान दिनु पर्दछ । यस विषयमा पालिका संवेदनशिल वन्नु पर्दछ ।यस ड्यामको मर्मतका लागि उपभोक्ता समिति जिम्मेवार भई संरक्षण (Protection) कार्यका लागि अविलम्व अग्रसर हुनु पर्दछ ।	

वनबाटीका ड्यामको स्थलगत तस्वीरहरुः

	ख) कर्जाहि ड्याम : यस ड्यामका लागि पालिका र उपभोक्ता समिति वीच मिति २०७७।३।२८ मा कार्य सम्पन्न हुनेगरी मिति २०७६।१०।५ मा सम्झौता भएको छ । ड्यामको **Embankmant Formation & Compaction** को कार्यका लागि शुरु लागत अनुमान दर रु ३८४।६७ प्रति घन मी . कायम गरी प्रथम रनिङ्ग विलमा सोही दरबाट भुक्तानी दिएको छ ।दोश्रो रनिङ्ग विलमा लागत अनुमान दर संशोधन गरी लागत अनुमान रु ३४८।६७ प्रति घन मी . का दरले कुल परिमाण २२८५६।७४ घन मी. वापत रु ७९,६९,४५९।५४ भुक्तानी भएको छ । शुरु लागत अनुमान र संशोधित लागत अनुमान को फरक रु ३६ प्रति घन मी. का दरले सम्झौता अनुसार रु ८,२२,८४२।६४ वचत हुनुपर्नेमा पूरै रकम खर्च गरेको देखियो । उक्त वचत रकम ड्यामको ड्रईङ्ग, डिजाइन परिवर्तन नगरी अन्य आइटमहरुमा स्वविवेकीय तवरले खर्च गरेको देखियो । यसरी वचत हुनुपर्ने रकम स्वविवेकीय तरिकाले जसरी पनि विनियोजित वजेट सक्नु पर्ने तवरवाट खर्च गरेको विधिसम्मत देखिएन । यस तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।	
	ग) चेपे ड्याम : यस ड्यामका लागि पालिका र उपभोक्ता समिति वीच मिति २०७७।३।१५ मा कार्य सम्पन्न हुनेगरी मिति २०७६।११।१६ मा सम्झौता भएको छ । यस ड्याम निर्माण कार्यका लागि आर्थिक बर्ष २०७५।७६ मा रु ९९,९८,९२२।०७ उपभोक्ता समितिलाई भुक्तानी भएको छ । आर्थिक बर्ष २०७६।७७ मा यस ड्याम निर्माण कार्यका लागि रु ८०,००,०००।— भुक्तानी भएको छ । आंशिक कार्य गरी छाडन नमिल्ने र निरन्तर कार्य गरी सम्पन्न गर्नुपर्ने ड्याम निर्माण कार्यको लागी एकमुष्ट लागत अनुमान तयार नगरी फरक आर्थिक वर्षमा हुने कामका लागि फरक लागत अनुमान तयार गरी वहुवर्षिय हिसाबले काम गरेको देखियो । गत वर्ष गरेको काम माथि पुनः यस बर्ष कार्य गरेकोले गत बर्ष	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	र यस बर्ष भएको काममा दोहोरोपन (Overlapping) भएको छैन् भन्ने कुरामा विश्वस्त हुन सकिदैन् । यस ड्यामका लागि कुल रु १,८०,००,०००।— खर्च भएको छ । १ करोड ८० लाखको लागत अनुमान भएको आयोजनाको प्याकेज तयार गरी ठेक्का द्धारा काम गराउनु पर्नेमा टुक्रा टुक्रा गरी गत वर्ष र यस वर्ष उपभोक्ता समिति वाट कार्य गराएकोले प्रतिष्पर्धा सिमित भएको छ । उक्त ड्यामको कुल लागत देखिने गरी नापी किताव तयार गरेको छैन् । सार्वजनिक खरिद कानूनको परिपालना गरि मितव्ययी तरिकाले सार्वजनिक खरिद गर्ने तर्फ पालिका गम्भिर हुनु पर्दछ ।	
	घ. रोहिणी ड्याम : यस ड्यामको कुल लागत रु १,००,००,०००।— रहेको छ । यस ड्याम निर्माण वापत उपभोक्ता समितिलाई रु ७३,५१,८५९।— भुक्तानी दिई कार्य सम्पन्न गरेको छ । **Embankmant Formation & Compaction** आइटमको काम पूरा नगरी केही भागको काम गर्न वाँकी राखी कार्य सम्पन्न भएको छ । स्थलगत निरीक्षण गर्दा तालको विचमा रुखहरु डुवानमा परी केही रुखहरु मरेको देखियो । पर्यावरणीय प्रभावको आंकलन गरेको देखिएन । वातावरणीय प्रभाव मूल्याकंन गरेर मात्र यस्ता योजनाहरु सञ्चालन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।	
	ङ. मितव्ययीता : सरकारी रकम खर्च गर्दा मितव्ययी तवरवाट गर्नुपर्दछ । उपभोक्ता समितिवाट यस वर्ष विभिन्न ड्यामहरुको निर्माण भएका छन् । ड्याम निर्माण कार्यका लागि **Embankmant Formation & Compaction** आइटमको कार्यका लागि लागत अनुमान दर रु ३४८।६७ प्रति घन मी . रही, सोही दरबाट उपभोक्ता समितिलाई भुक्तानी भएको छ । यसै पालिकाको क्षेत्र भित्र तल्लो दामोदर कर्मीटिया सडक निर्माणका लागि वोलपत्र मार्फत कार्य गराउदाँ निर्माण व्यवसायी के.एम. निर्माण सेवा गाँउवेसी कन्स्ट्रक्सन जे.भी. ले उक्त आईटम रु १०० प्रति घन मी . का दरले कवोल गरी निर्माण कार्य सम्पन्न गरेको छ (लागत अनुमान भन्दा ५२% कममा ठेक्का कवोल गरी निर्माण सम्पन्न भएको छ) । यस वर्ष ड्याम निर्माण वापत उक्त आइटमका लागि निम्नानुसार भुक्तानी भएको छः	

क्र. सं.	ड्यामको नाम	कामको परिमाण (घन मी.)	उपभोक्ता समितिको दर	ठेकेदारको कवोल दर	फरक दर	कुल फरक रकम
१	कर्जाही डयाम	२२८५६	३४७.६७	१००	२४७.६७	५६६०७४६।-
२	रोहिणी ड्याम	१३४४२				३३२९१८०।-
३	चेपे ड्याम	१९२३२				४७६३१८९।-
४	वन वाटिका उत्तरतर्फको ड्याम	१०९९७				२७२३६२७।-
५	अमारेसोता ड्याम	१०७७९				२६६९६३५।-
					कुल जम्मा :	१,९१,४६,३७६।-

उपभोक्ता समिति मार्फत काम गर्दा प्रतिष्पर्धा नहुने र लागत अनुमान अनुसार नै भुक्तानी हुदाँ मितव्ययीता कायम नहुने देखिन्छ । यस पालिकाले नियम वमोजिम वोलपत्रद्धारा प्रतिष्पर्धावाट निर्माण गराउनु पर्ने कार्य समेत उपभोक्ता समिति मार्फत गर्ने गरेको उचित भएन । प्रस्तुत पाचँ वटा ड्यामको आइटम **Embankmant Formation & Compaction** को उपभोक्ता समिति बाट कार्य गराउदाको लागत र वोलपत्रद्धारा गरिएको कार्यको प्रतिष्पर्धात्मक लागत वीचको फरक रु १,९१,४६,३७६।— रहेको छ । पालिकाले ड्याम निर्माण कार्य गराउदाँ प्रतिष्पर्धात्मक लागत हुने गरी वोलपत्र मार्फत खरिद गराउने तर्फ ध्यान दिएको देखिएन । नियम कानूनको व्यवस्थाको पूर्ण परिपालना गरी मितव्ययी तरिकाबाट खरिद व्यवस्थापन गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

३७.	८१३-२०७७।३।३० : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी	

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । यस पालिकावाट रव्वे टोल गोर्खा स्कूलको कालोपत्रे सडक निर्माण कार्यका लागि उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराएकोमा यस वर्ष काम सम्पन्न नभई भएको कामको मूल्याकंन गरी भुक्तानी दिएको देखियो । उपभोक्ता समितिवाट गराएको उक्त कालो पत्रे सडक कार्यमा आईटम नं. १.५. Providing, Laying,Spreading and Compacting Water Bound Macadam कार्यका लागि रु ४,६२,७९७।८६ भुक्तानी दिएको देखियो । सडकको वेस सम्मको कार्यको भुक्तानी भएको तर कालोपत्रे नभएको अवस्थामा उक्त भुक्तानी मनासिव देखिएन । सडकको वेस सँगै कालोपत्रेको कार्य नभएमा वेसको कार्य खेरजाने र पछि कालोपत्रे गर्नुपरेमा पुनः वेसको काम गरेर मात्र कालोपत्रे गर्न सकिने भएकाले पछि सडक कालोपत्रे गर्दा खर्चमा दोहोरोपना हुने देखिन्छ । यस तर्फ प्राविधिक गंभिर वन्नु पर्दछ । दोहोरो खर्च हुनेगरी भएको कामको कारण थप व्ययभार पर्ने देखिएको रु.....</td><td>४,६२,७९७।-</td></tr>
<tr><td></td><td>३७.१- ८४०।२०७७।३।३१ : खडकवहादुर बिश्वकर्माको घरदेखि सडक कालोपत्रे गर्ने उपभोक्ता समितिलाई सडक निर्माण कार्य वापत रु १२,००,०००।— भुक्तानी दिएको छ । लागत अनुमान तयार गर्दा ११२ मी. लम्वाईको Premix Carpet गर्नु पर्ने Quantity Calculation Sheet रहेकोमा वास्तविक नापी गर्दा १२६ मी. लम्वाई (Sub grade, Sub base, Base) निर्माण गरेको तर ८३ मी. लम्वाईमा मात्र Premix Carpet गरेकोले ४३ मी. (१२६-८३) लम्वाई वरावरको वेस निर्माण कार्यको भुक्तानी उचित देखिएन । उक्त स्थानमा Premix Carpet गर्दा पुनः वेस को कार्य गर्नुपर्ने भएकोले दोहोरो खर्च हुने देखिन्छ । कामको नापजाँच गर्दा यस्ता विषयमा प्राविधिकहरु संवेदनशिल वन्नु पर्दछ । दोहोरो खर्च हुनेगरी भएको कामको कारण थप व्ययभार पर्ने देखिएको रु.....</td><td>६५३५७</td></tr>
<tr><td></td><td><table><tr><th>Item</th><th>वढी परिमाण</th><th>प्रति घन मी. दर रु</th><th>कुल रकम रु</th></tr><tr><td>Providing, laying, Spreading and Compacting Water Bound Macadam</td><td>४३ मी.*३.९४ मी.*०.११ मी. = १८.६४ घन मी .</td><td>३५०६.३१</td><td>६५,३५७।६२</td></tr></table></td><td></td></tr>
<tr><td>३८.</td><td>६८०-२०७७।३।७ : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४.२ मा सरकारी रकम खर्च गर्दा साधन र स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नु पर्ने व्यवस्था छ । वुटनियाको साउने जरुवा नजिक डिप वोरिङ्ग उपभोक्ता समितिलाई सिंचाई कार्य का लागि डिप वोरिङ्ग गर्ने कार्य वापत रु ९,९९,९७५।— भुक्तानी भएको छ । डिप वोरिङ्ग गर्ने कार्य सम्पन्न भएता पनि योजना हालसम्म पनि सञ्चालनमा आएको छैन् । विधुतको उपलब्धता नभएको, बजेटको अभावमा मोटर जडान नभएकोले योजना संचालन हुन नसकेको पालिकाले जनाएको छ । आर्थिक बर्ष २०७७।७८ मा यस आयोजनाको संचालनका लागि कुनै बार्षिक कार्यक्रम र वजेट विनियोजन भएको छैन् । पूर्व तयारी वेगर तदर्थ रुपमा कार्यक्रम छनौट गरिदा समस्या आएको देखियो । कार्यक्रममा लगानी / खर्च गर्न क्रियाशिल रहने , नतिजा प्रति पर्याप्त ध्यान नदिदा सरकारी खर्च अनुत्पादक रहेको देखियो । कानून वमोजिम गर्नु पर्ने पर्याप्त अध्ययन र निश्चित मापदणडका आधारमा योजना छनौट नगरिदा योजना संचालनमा समस्या देखियो । यसरी लगानी गरी योजना निश्क्रिय (Idle) रहने अवस्था उचित भएन रु.</td><td>९,९९,९७५</td></tr>
<tr><td>३९.</td><td>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ को खण्ड ख मा खरिद (१)सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ विल वा अन्य कुनै विजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम प्राविधिक नापजाँच गरी नापी किताब वास्तविक कार्य सम्पादनको आधारमा मा उल्लेख (मेजरमेन्ट बुक) गर्नुपर्न भुक्तानी गर्नुपर्ने व्यवस्था छ । नमूना छनौटका आधारमा गरिएको लेखापरीक्षणवाट निम्नानुसार निर्माण कार्यको नापजाँच गर्दा सवै आइटमको स्पष्ट परिमाण देखिने गरी नापी किताव तयार गरेको देखिएन । काम भएको सवै परिमाण स्पष्ट देखिने गरी नापजाँच गरी नापी कितावमा चढाएको प्रमाण पेश हुनुपर्ने रु.</td><td>४८६०९०३</td></tr>
</table>

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम

गो.भौ. र मिति	कामको विवरण	भुक्तानी
८०५।२०७७।३।३०	घोराही मसिना स्वर्गद्वारी सडक अन्तर्गत नयाँवस्ती टोल विकास संस्थामा पर्ने सडक कालोपत्रे	१४,३२,१६५.१३
८११।२०७७।३।३०	विकास गौतमको घर देखि दक्षिण पश्चिम खारखोली जोडने सडक कालोपत्रे	१४,२८,७३८.००
८१२।२०७७।३।३०	आशाराम चौधरीको घरदेखि दिपक कुमारको घर सम्म सडक कालोपत्रे	२०,००,०००.००
	जम्मा :	**४८,६०,९०३.१३**

स्थानिय पूर्वाधार तर्फ :

४०. १।२०७७।३।१६ : सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७.६ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, विल भर्पाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्वन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यवस्था छ । यस पालिकाले काउले देखि ठाटिगाँउ सम्मको सडक निर्माणको प्रथम रनिङ्ग विल वापत भुक्तानी गर्दा प्राविधिकले मूल्याङ्कन भन्दा विल कम पेश हुन आएकाले खुद भुक्तानी रु १९,६५,१९२।०० मात्र दिने सिफरिश गरेकोमा उपभोक्ता समितिलाई रु १९,९१,३६७।०० भुक्तानी दिएको छ । विल भन्दा वढी भुक्तानी दिएको रकम रु २६,१७५।०० सम्वन्धित उपभोक्ता समितिवाट असुल हुनुपर्दछ रु..... — २६१७५

४१. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विलको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ । यस पालिकाले सैघा लाकुरी बजार घोडधारा स्वर्गद्वारी सडक निर्माण कार्य वापत निम्नानुसारको काममा वास्तविक परिमाण भन्दा वढि परिमाणको भुक्तानी दिएकोले वढी भुक्तानी रकम सम्वन्धित उपभोक्ता समितिवाट असुल हुनुपर्दछ रु..... — ५६००७७

आइटम	भुक्तानी भएको परिमाण घन मी.	भुक्तानी हुनुपर्ने परिमाण घन मी .	वढी परिमाण घन मी .	दर रु	वढी भुक्तानी रु	कैफियत
Roadway Excavation चेनेज ० देखि ८४० भित्र ड्रेन खन्ने कार्य (५०० मी . ड्रेन)	१९५७.५०	८०	१८७७.५	२९८.३१	५६००७७।०	ड्रेन खन्ने कार्यको mean area राखी नापी गरेको ।

४२. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७.८ मा सार्वजनिक निकायले उपभोक्ता समितिलाई सम्वन्धित कामको प्राविधिक सहयोग उपलब्ध गराउन नसक्ने भएमा सो कामको लागि आवश्यक प्राविधिक जनशक्ति सो समिति वा समुदाय आफैले करारमा नियुक्ति गर्न सक्नेछ । त्यसरी नियुक्त गरिएको प्राविधिकलाई दिनुपर्ने पारिश्रमिक सार्वजनिक निकायले कट्टा गरेको कन्टिन्जेन्सीबाट भुक्तानी गर्नु पर्ने तर त्यस्तो पारिश्रमिक लागत अनुमानको तीन प्रतिशत भन्दा बढी हुने छैन भन्ने व्यवस्था छ । यस पालिकाले शहरीस्वास्थ्य केन्द्र भवन निर्माण (नयाँ वजार) का लागि वी.ओ.क्यू. मा Skilled Supervise for Preefab Building Construction आइटम लाई प्रोभिजनल सम(PS) मा राखी रु ५५,०००।०० भुक्तानी भएको छ । पालिकाले प्राविधिक सहयोग गरेकोमा सोही कार्यका लागि प्रोभिजनल सम(PS) आइटममा भुक्तानी दिएको नियम सम्मत भएन । अतः प्रोभिजनल सम(PS) वापत भएको भुक्तानी सम्वन्धित उपभोक्ता समितिवाट असुल हुनु पर्दछ रु..... — ५५०००

पर्यटन पूर्वाधार तर्फ :

४३. १-२०७७।३।२९ : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ मा सार्वजनिक निकायले निर्माण कार्य

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	गर्नु अघि त्यस सम्वन्धि स्पेशिफिकेशन, योजना, नक्सा, डिजाइन, विशेष आवश्यकता वा अन्य विवरणहरु तयार गर्नु पर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९.१(क) मा लागत अनुमान तयार गर्दा सार्वजनिक निकायले खरिद सम्वन्धि सम्पूर्ण काम एउटै खरिद सम्झौताबाट हुन सक्ने वा काम पिच्छे छुट्टै खरिद सम्झौता गर्नु पर्ने कुरामा विचार गर्नु पर्ने व्यवस्था छ । यस पालिकावाट पाण्डेश्वर धारापानी मन्दिर निर्माण उपभोक्ता समितिलाई भवनको छत ढलान, गेट र सिढी निर्माणका लागि मिति २०७७।२।३२ मा रु २६,३१,५७८।९४ को लागत अनुमानमा सम्पन्न हुनेगरी उपभोक्ता समितिसँग सम्झौता गरेको छ ।यस कार्यका लागि उपभोक्ता समितिलाई रु २४,०७,४३९।८७ भुक्तानी दिई कार्य सम्पन्न भएको छ । यस क्षेत्रमा विभिन्न सरकारी तथा गैर सरकारी निकाय र व्यक्तिगत तरिकावाट लगानी भइ विभिन्न संरचनाहरु निर्माण भएका छन् । यस निर्माण कार्यको काममा छत ढलान, गेट निर्माण र केही सिढीहरु निर्माण कार्य वापत भुक्तानी दिएको देखियो । यस क्षेत्रमा निर्माण हुने संरचनाहरुको विस्तृत आयोजना प्रतिवेदन (**DPR**) तयार गरेको छैन् । विस्तृत आयोजना प्रतिवेदन तयार नगरी विभिन्न निकाय र व्यक्ति संरचना निर्माण हुदाँ काममा दोहोरोपन हुन सक्ने र कुन संरचनामा, कुन निकायको कति लगानी भएको छ भन्ने स्पष्ट भएन । रगं लगाउने कार्य समेत वाँकी राखी कार्य सम्पन्न भएको छ । भवनको जग, पर्खाल, पिल्लर अन्य निकायवाट सम्पन्न भई वाँकी काम छत ढलानका लागि यस पालिकावाट वजेट विनियोजन भई खर्च हुनु उचित देखिदैन । विस्तृत आयोजना प्रतिवेदन (**DPR**) तयार गरी काममा दोहोरोपना नहुने निश्चित हुने गरी कार्यसम्पादन गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।	
४४.	**संघीय सरकार सशर्त अनुदान :** २३-२०७७।३।३१: सार्वजनिक निकायले वजेटको सुनिश्चितता गरेर मात्र कार्य गर्नु पर्दछ । गोग्ली मा.वि. सिभिल इन्जिनियरिङ कृषि प्राविधिक भवन निर्माण का लागि यस पालिका र निर्माण व्यवसायि आकर्ष निर्माण सेवा वीच रु ३२,१०,१३९।६० को कवोल अंकमा मिति २०७७।३।३१ मा सम्पन्न गर्ने गरी मिति २०७७।२।२८ मा सम्झौता भएको छ । प्रथम रनिङ्ग विल वापत निर्माण व्यवसायी आकर्ष निर्माण सेवा लाई रु २७,८४,२९६।०८ भुक्तानी भएको छ । तराई मधेस सम्वृद्धि कार्यक्रम अन्तर्गत सञ्चालित कार्यक्रममा आर्थिक वर्ष २०७७।७८ मा वजेट विनियोजन नभएकाले रु ३२,१०,१३९।६० को कवोल अंक मध्ये रु २८,५८,२१५।४४ खर्च भई काम अधुरो रहेको छ । वजेटको सुनिश्चितता नभइ कार्यक्रम सञ्चालन नगर्ने तर्फ सम्वन्धित निकायले ध्यान दिनु पर्दछ ।	
४५.	**प्रदेश सरकारवाट हस्तान्तरण (प्रदेश शसर्त) :** ६९.१- २१।२०७७।३।३१ : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४.२ मा सरकारी रकम खर्च गर्दा साधन र स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नु पर्ने व्यवस्था छ । बहुउद्देश्यिय गृहमा डिप वोरिङ्ग निर्माण वापत उपभोक्ता समितिलाई रु १०,००,०००।— भुक्तानी दिएकोमा उक्त डिप वोरिङ्ग हालसम्म पनि सञ्चालनमा आएको छैन् । यसरी खर्च गर्ने तर नतिजामा ढिलाइ हुने किसिमवाट खर्च गरेको नियम सम्मत देखिएन रु.	१०,००,०००
	सशर्त कार्यक्रमतर्फ	
४६.	**शिक्षक दरवन्दी र पदपूर्ति -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ९८ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था हेर्दा ७०० जनाको स्थायी दरबन्दी रहेकोमा ५०४ जना स्थायी र १९६ करार गरी ६६४ जनाको पदपूर्ति भएको छ । शिक्षकहरुको स्थायी पदपूर्ति गरेर शैक्षिक गतिविधि संचालन गरिनु पर्दछ । शिक्षक विद्यार्थि अनुपातमा प. प. नमुना मा.वि. भरतपूरको शिक्षक विद्यार्थी अनुपात ५३.९४ रहेको र जनता प्रा.वि. घुस्राको शिक्षक विद्यार्थी अनुपात ४.७ रहेको छ । त्यसैगरि कुनै विद्यालयमा धेरै र केहिमा थोरै शिक्षक विद्यार्थि अनुपात भएकोमा उपयुक्त हुने	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	गरि समायोजन गरी दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।	
४७.	**विद्यालयगत निकासा रजिष्टरः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ बमोजिम कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने र अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनुपर्ने उल्लेख छ । कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुल्ने गरी अभिलेख राख्नु पर्नेमा यथार्थ विवरण खुल्ने गरी विद्यालयगत निकासा अभिलेख राखेको छैन । जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको रकम बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकाले विद्यालयगत निकासा रजिष्टर खाता अद्यावधिक गरी राख्नु पर्दछ ।	
४८.	**प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छैन/बेरोजगारको सूचिमा समावेशलाई प्रथमिकिकरण गरेको छैन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ५२५ जनालाई रोजगारी उपलव्ध गराई रु ४०,८५,५२५।- खर्च गरेको छ । लक्षित वर्गलाई औषत ११.६१ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।	
	समानीकरण पूँजिगततर्फ	
४९.	**सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने र सोझै खरिद गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने व्यवस्था छ । पालिकाले यो वर्ष पूँजीगत तर्फ निर्माण, वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइको निम्नानुसार रु ३५,३०,४०७।- को सोझै खरिद गरेको देखियो । प्रतिष्पर्धाको माध्यमवाट खरिद गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।	

क्र. स.	गो.भौ. र मिति	सप्लायर्स	सामान	भुक्तानी मू.अ.कर समेत
१	६।०७६।६।१४	श्रेष्ठ फर्निचर उद्योग	फर्निचरहरु	४९०८७२
२	७।०७६।६।१४	अस्मी होम डेकोर	कुर्सि, टेवल	४५९२२८
३	४।०७६।६।९	जोशी फर्निचर	दराज, टेवल, कुर्सि	४९९९१२

दफा	भौ.नं, मिति र ब्यहोरा					बेरुजू रकम
	४	१०।०७६।६।१५	सुनिधि ट्रेडर्स	टि.भी., फ्रिज	१२५०००	
	५	२०।०७६।६।१७	न्यू अस्टिना निर्माण सेवा	कार्यालय परिसर भित्र संरचना निर्माण	४५८८९७	
	६	२१।०७६।६।१७	नमस्ते योगी विल्डर्स एण्ड डेभ्लपर्स	कार्यालय परिसर भित्र संरचना निर्माण	४२४३३३	
	७	२२।०७६।६।१७	प्रकृति निर्माण सेवा	कार्यालय परिसर भित्र संरचना निर्माण	४९१८३२	
	८	८६३।०७७।३।२१	गोल्डफिस ईन्जिनियरीङ्ग एण्ड कन्स्ट्रक्सन	वाटो ग्राभेल	९५७९२	
	९	२७२।०७७।२।२१	खत्री निर्माण सेवा	चौपारी निर्माण	४८४५४१	
					जम्मा :	**३५३०४०७**	

५०. **परामर्श सेवा** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले देहायअनुसारका परामर्श सेवाको खरिदमा गर्दा प्रतिस्पर्धा नगराई सोझै खरिद गरी रु. ४२,२०,३९५।(खर्च लेखेको छ । पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुँजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्पर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन ।

क्र.स.	कार्यक्रमको नाम	परामर्शदाता	खर्च रकम
१.	बबई नदी पूल सौडियार लघुवार देखि खैरागनार जोड्ने (डि.पि.आर समेत)	क्यानभास ईन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि	११८२५४५
२.	नेत्रलाल स्मृति खेलकुद मैदानका लागि डि.पि.आर निर्माण	एडन ईन्जिनियरिङ्ग सोलुसन प्रा.ली.	१६९००००
३.	नगरपालिका कार्यालय भवन निर्माण	रेखाङ्कन ईन्जिनियरिङ्ग प्रा.लि.	१३४७८५०
		जम्मा	**४२,२०,३९५।(**

५१. ८६२-०७७।३।२१: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौताको अवधिभित्र काम पूरा गर्न नसकिने भएमा निर्माण व्यवसायिले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु कम्तीमा एक्काईस दिन अगावै सम्वन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिनु पर्ने , सम्वन्धित अधिकार प्राप्त अधिकारीले काबुवाहिरको परिस्थितिको कारणबाट काममा ढिलाई भएको हो वा होइन आवश्यक जाँचबुझ गराउनु पर्ने व्यवस्था छ । जाँचवुझ गर्दा निवेदनमा म्याद थप गर्नको लागि खुलाइएको कारण खरिद सम्झौता वमोजिम मनासिव देखिएमा सोको कारण खुलाई शुरु सम्झौता अवधिको पचास प्रतिशतभन्दा बढी नहुने गरि सम्वन्धित अधिकारीवाट म्याद थप गर्न सक्ने व्यवस्था छ ।

नियम १२०.६ को प्रतिवन्धात्मक वाक्यांशमा २०७७ साल वैशाख १५ अघि खरिद सम्झौता भई कार्य सम्पन्न हुन नसकेमा म्याद थपको निवेदनका आधारमा थप आर्थिक व्ययभार नपर्ने गरी सम्वन्धित अधिकारीले निर्णय मितिले बढीमा एक बर्षको लागि म्याद थप गर्न सक्ने व्यवस्था छ । यसरी म्याद थप गरिएको अवधिभित्र समेत सम्झौता बमोजिम काम सम्पन्न नभएमा म्याद थप हुनुभन्दा पहिले देखि नै लागू हुने गरी पूर्व निर्धारित क्षतिपूर्ति लिइने व्यवस्था छ ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१(क) वमोजिम सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी प्रति दिन सम्झौता रकमको ०.०५% पूर्वनिर्धारित क्षतिपूर्ति दिनु पर्ने र पूर्वनिर्धारित क्षतिपूर्ति तिर्दैमा सम्वन्धित परामर्शदाता खरिद सम्झौता बमोजिमको कार्यसम्पादन गर्ने दायित्वबाट मुक्त हुन नसक्ने व्यवस्था छ ।

यस पालिकाको एकीकृत शहरी विकास गुरु योजना तयारी वापत पालिका र डिजिकोन रेजिलिएन्स जे.भी. वीच मिति २०७६।५।११ मा सम्पन्न गर्नेगरी मिति २०७५।११।९ मा सम्झौता भएको छ । म्याद

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>थपको अवस्था निम्नानुसार रहेको छ :
<table>
<tr><td>कवोल अंक (मू.अ.कर वाहेक)</td><td>सम्झौता मिति</td><td>शुरु सम्पन्न गर्नुपर्ने मिति</td><td>पहिलो पटक म्याद थप</td><td>दोश्रो पटक म्याद थप</td></tr>
<tr><td>४००८४९८</td><td>२०७५।११।९</td><td>२०७६।५।११</td><td>२०७६।७।३०</td><td>२०७७।७।३०</td></tr>
</table>
पालिकाको गुरु योजना तयार गर्ने कार्य ६ महिनाको अवधिभित्र कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा पटक पटक गरी करिब १५ महिना अर्थात शुरु सम्झौताको २५०% समय म्याद थप हुदा समेत कार्य सम्पन्न भएको छैन् । लेखापरीक्षणको अवधि सम्म उक्त कार्य सम्पन्न भएको छैन् । नियमावली वमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति लगाई कार्य सम्पन्न गर्नु पर्ने रु (४००८४९८*१०%)</td><td>४००८५०</td></tr>
<tr><td>५२.</td><td>लागत अनुमान : ३०- २०७६।७।५: सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ बमोजिम एक लाखभन्दा माथिको खरिद वा निर्माण कार्य गर्दा लागत अनुमान तयार गर्नुपर्दछ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०.२ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा निर्माण सम्वन्धी कार्यको नम्स भए त्यस्तो नम्स वमोजिम र त्यस्तो नम्स नभएको अवस्थामा आवश्यक नम्स तयार गरी त्यस्तो नम्स नेपाल सरकार, मन्त्रिपरिषदवाट स्वीकृत गराई स्वीकृत नम्स वमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ ।

साथै लागत अनुमान तयार गरी सम्झौता अनुसार काम सम्पन्न भईसकेपछि नापजाँच गरी कार्यसम्पन्नको आधारमा रकम भुक्तानी गरिनुपर्दछ । कार्यालयले देहाय बमोजिमको योजना भुक्तानीमा नम्सको प्रयोग गरी जिल्ला दररेटको आधारमा लागत अनुमान तयार गरी सोही अनुसार कामको नाप जाँच गरी भुक्तानी दिनुपर्नेमा सो अनुसार गरेको पाईएन । यस पालिकाले निम्नानुसार घोराही लमही सडक खण्डको किटुवा खोला सम्म ग्रिनवेल्टमा हरियाली र सौन्दर्य प्रवर्द्धन कार्यक्रमको लागि Span र Job मा आईटम राखी सोही आधारमा एकमुष्ट भुक्तानी दिएको नियम सम्मत भएन ।
<table>
<tr><td>भौ.नं/मिति</td><td>योजना/ खरिद</td><td>भुक्तानी रकम</td></tr>
<tr><td>३०।०७६।७।५</td><td>घोराही लमही सडक खण्डको किटुवा खोला सम्म ग्रिनवेल्टमा हरियाली र सौन्दर्य प्रवर्द्धन</td><td>१४,००,०००।-</td></tr>
</table>
नियमावलिको परिपालना गरी कार्य गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>५३.</td><td>कार्य सम्पन्न प्रतिवेदन - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था दिखएन । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ वमोजिक सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य, आपूर्ती गरिएको मालसामान वा प्रदान गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार्दा सोको प्रतिवेदन तयार गर्नुपर्नेमा सो नभएकोले कार्य स्वीकार प्रतिवेदन तयार गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>५४.</td><td>सार्वजनिक परीक्षण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत</td><td></td></tr>
</table>

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रबर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । नियममा भएको व्यवस्थाको परिपालना गरिनु पर्दछ ।	
५५.	**सफ्टवेयर खरिद- ५।२०७६।६।१३ :** नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । यस पालिकावाट सफटेक ईन्फोसिस प्रा.लि. काठमाण्डौ (३०१२१२५५७) लाई वेभवेस्ड राजस्व संकलन प्रणाली सफ्टवेयर (एकिकृत कर संकलन प्रणाली सफ्टवेयर जडान मास्टर डाटा इन्ट्रि , डाटा माईग्रेशन, संचालन सम्वन्धी तालिम कार्यान्वयन, बार्षिक सपोर्ट सेवा) वापत रु २,९९,४५०/- (भ्याट समेत) भुक्तानी भएको छ । यसको मूल सरभर र सोर्स कोड आपूर्तिकर्ता सँगै रहेको छ । भुक्तानी दिदाँ रिटेन्सन मनी **(Retention Money)** समेत कट्टी गरेको छैन् ।खरिद सम्झौतामा आपूर्तिकर्ताले सञ्चालित सवै मोडुलहरुको रु ५०,०००/- सेवा शुल्क लिई सफ्टवेयर सञ्चालनमा आएका समस्याहरु समाधान गर्नुपर्ने उल्लेख छ ।वेभवेस्ड राजस्व संकलन प्रणाली सफ्टवेयर परिवर्तन भई सफ्टवेयरको ढाचाँमा परिवर्तन गर्नुपर्ने अवस्था भएमा आपूर्तिकर्ताले सफ्टवेयर अपडेट गरि पालिकालाई युक्ति संगत लागत **(Reasonable Cost)** मा प्रदान गर्नुपर्ने व्यवस्था रहेको छ ।यस पालिकाको राजस्वको लेखाकंन पूर्णतया यसै सफ्टवेयरमा आधारित छ । सफ्टवेयर ह्यायाक लगायतको समस्या भएमा वा आवश्यकता अनुसार कुनै कुरा थप घट गर्नु परेमा पूरै आपूर्तिकर्तामा निर्भर रहनु पर्ने अवस्था रहेको छ । यस पालिकाले सफ्टवेयर खरिद गरी रु २,९९,४५०/- खर्च गरेकोमा खरिद भएको सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।	
५६.	**गुणस्तर परीक्षण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा कतिपय निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । गुणस्तर परीक्षण गरी गुणस्तर आश्वस्तता गर्नेतर्फ पालिकाले ध्यान दिनु पर्दछ ।	
	समानीकरण चालुतर्फ	
५७.	**ऐनभन्दा बढी सुविधाः** ८७(२०७६।०६।१२ कर्मचारी समायोजन ऐन, २०७५ को दफा ७ को उपदफा ४ मा पाँच वर्ष वा पाँच वर्ष भन्दा बढी सेवा अवधि पुगेका कर्मचारीहरुलाई साविकको पदभन्दा एकतह माथिको सेवा सुविधा दिने व्यवस्था छ । त्यस्तै उपदफा ६ मा समायोजन गर्दा कायम हुने तलब निजले खाएको साविकमा भन्दा खाईपाई आएको तलबभन्दा कम हुने भएमा ग्रेड थप गरी तलब मिलान गरिने व्यवस्था छ । कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारित तलबी प्रतिवेदनमा समेत समायोजन ग्रेड कायम भएको देखिदैन । कार्यालयले समायोजनबाट एकतह माथिको सुविधा लिएका निम्नानुसारका कर्मचारीहरुलाई वढी भुक्तानी दिएकोले वढि भुक्तानी रकम सम्वन्धितवाट असुल हुनुपर्ने रु.....	५२४९२

पद, नामथर	रकम	दर	कुल रकम
अधिकृत आठौं शेरबहादुर बिष्ट	१३४६	१३ महिना	१७४९८
अधिकृत आठौं नारायण प्रसाद पौडेल	१३४६	१३ महिना	१७४९८

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	अधिकृत आठौं जीवराज पौडेल — १३४६ — १३ महिना — १७४९८ जम्मा — ५२४९२	
५८.	**लागत अनुमान विना खरिदः** ९१४(२०७६।०९।२९ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ बमोजिम तोकिए बमोजिमको लागत अनुमान तयार गरी खरिद गर्नुपर्ने तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ (६) मा शिलबन्दी दरभाउपत्रको जमानत माग गर्दा स्वीकृत लागत अनुमान रकमको दुईदेखि तीन प्रतिशत जमानत रकम सूचनामा उल्लेख गर्नुपर्ने व्यवस्था छ । कार्यालयले मिति २०७६।६।२९ मा १५००० के.जी. गहुँविउ खरिदको लागि दरभाउपत्र माग गर्दा लागत अनुमान तयार गरेको पाईएन । मुल्याङ्कन समितिको मिति २०७७।०७।०६ को निर्णयबाट कार्यालयले सिद्धार्थ एग्री सेन्टरसँग प्रति के.जी. ७९ का दरले १५००० के.जी. बराबरको बिउँ रु.११,८५,०००।— मा खरिद गरेको छ । सो सम्बन्धमा देखिएका अन्य व्यहोरा निम्नानुसार छन्	
५८.१.	कार्यालयले सूचनामा बिउँमा हुनुपर्ने न्यूनतम गुणस्तर तोकेको छ । तर मालसामान प्राप्त भईसकेपश्चात विउँको गुणस्तर परीक्षण गरेको पाईएन ।	
५८.२.	कार्यालयले बि.ओ.क्यु मा प्रति के.जी. ६५ का दरले १५००० के.जी. गहुँको बिउँ खरिद गर्ने उल्लेख गरी टेण्डर फाराम विक्रि गरेको छ । तर खरिद गर्दा प्रति के.जी. ७९ का दरले खरिद गर्ने निर्णय गरेको पाईयो । खरिद ऐन र पालिकाले गरेको खरिद सम्झौता विपरीत बि.ओ.क्यु मा उल्लेखित दरभन्दा प्रति के.जी. रु.१४ बढी हुने गरी रु.२,१०,०००।— भुक्तानी दिएको नियम सम्मत भएन रु.....।	२१००००
५९.	**भ्रमण अभिलेख खाताः** भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ अनुसार भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीको कार्यालयले अनुसूची ६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न कर्मचारीहरुलाई विभिन्न ठाउँमा पठाई भ्रमण खर्च गरेकोमा भ्रमण अभिलेख तथा भ्रमण आदेश कार्यालयमा दर्ता गरेको देखिएन । कार्यालयले नियमको परिपालनामा ध्यान दिनुपर्दछ ।	
	कोरोना तर्फः	
६०.	**अनिवार्य भ्याट विल जारी गर्नुपर्नेः** १२(२०७७।०२।२६ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ उपनियम १ (क) मा सार्वजनिक निकायले बीस हजार रुपैयाँभन्दा बढीको सामान खरिद गर्दा मुल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, संस्था वा कम्पनीबाट खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले क्वारेन्टाईन र आईसोलेसनको लागि मौजुदा सूचीबाट निम्न बमोजिमका पार्टीहरुबाट रु.२२,१७,३२४।—को सामान खरिद गरी भुक्तानी दिएको नियमावलीको व्यवस्था विपरीत देखिएको छ । यससम्बन्धमा कार्यालयले कोरोनाका कारण आपतकालीन अवस्थामा खरिद गर्नुपरेको जनाएको छ ।	

पार्टीको नाम प्यान नं.	विल नं	भुक्तानी रु.
सस्तो सिरक डसना पसल (३०२८२०४५२)	३९३	४९९२२५
मन पसन्द सिरक डस्ना पसल (३०३४७७१४७)	६०९	४९९२२५
प्रमोद ईम्पोरियम (३०५४७४०९६)	१५१	४९९२२५
न्यु साजन सिरक डसना (६०८६०९२६१)	९०२	४९९२२५
आर. जी. सस्तो किराना पसल (६०५८३२६३९)	१००९, १०१०, १०११	१४६६६५
सस्तो किराना पसल (३०१९८३५५२)	४१७, ४१९	७३७५९
जम्मा		२२,१७,३२४।(

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
६१.	**कारोवारको प्रकृति नमिल्नेसँग खरिदः** ३(२०७७।१२।२३- सार्वजनिक निकायले खरिद गर्दा कारोबारको प्रकृति सँग मिल्ने फर्मबाट कारोवार गर्नुपर्दछ । पालिकाले कोरोना सँग सम्बन्धित **Protection Equipment** र औषधीहरु मौजुदा सूचीबाट शुभकामना सप्लायर्स, बुटवल सँग खरिद गरेको पाईयो । उक्त फर्मको कारोबारको प्रकृतिमा स्टेशनरी तथा मशलन्द सामाग्री खरिद बिक्रि रहेकोमा संशोधित कारोबार प्रकृतिमा पनि ईलेक्ट्रीक तथा ईलेक्ट्रोनिक्स सामान सर्वे तथा ईन्जिनियरिङ्ग रहेको छ । कार्यालयले कोरोनाको लागि औषधीजन्य सामाग्री खरिद वापत निज पार्टीलाई रु.१,८०,६८७।— भुक्तानी दिएको छ । औषधीजन्य सामाग्री खरिद गर्दा कारोबारको प्रकृति नमिल्ने फर्म तथा पार्टीहरुबाट खरिद गर्ने कार्य नियम कानुन सम्मत भएन ।	
६२.	**घटी बिल भरपाईः** १३(२०७७।०२।२६ (प्रकोप व्यवस्थापन कोष) आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ को उपनियम ३ मा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने तथा उपनियम ८ बमोजिम कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । कार्यालयले कोरोना रोकथाम तथा नियन्त्रण वापत विभिन्न पसल तथा फर्महरुलाई रु. ८,३०,६४८।०० खर्च लेखेकोमा रु. ८,२४,८५३।०० मात्र विल संलग्न रहेकोले नपुग रकम रु. ५७९५ असुल हुनुपर्दछ रु.	५७९५
६३.	**पचास प्रतिशत मु.अ.करः** आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ५० प्रतिशत सम्बन्धित राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धित फर्मलाई भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले देहायको भुक्तानीमा नियमानुसार ५० प्रतिशत रकम रु. १६,५४,४५४।०० कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएकाले मू.अ.कर समायोजनको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.....	१६५४४५४

गो. भौ. र मिति	पार्टीको नाम र प्यान नं	विल नं.	विलको मिति	विल रकम	मु.अ.कर	५० प्रतिशत मु.अ. कर
२(२०७६।०६।७	ब्राहा सप्लायर्स, घोराही (३०२४७१००१)	२८	२०७६।५।२३	१५३२६९८	१९९२५०.७४	९९६२५.३७
५(२०७६।०६।१३	Softech Infosys P.Ltd Ktm (३०१२१२५५७)	०२६	२०७६।६।६	२६५०००	३४४५०	१७२२५
६(२०७६।६।१४	श्रेष्ठ फर्निचर उद्योग, दाङ (३०४९४०३७०)	१७	२०७६।६।९	४३४४००	५६४७२	२८२३६
७(२०७६।६।१४	अस्मि होम डेकोर, दाङ (३००८०२८२९)	१०	२०७६।६।१०	४०६३९६	५२८३१.४८	२६४१५.७४
९(२०७६।६।१४	ब्राहा सप्लायर्स, घोराही (३०२४७१००१)	३९	२०७६।६।७	२१६८१४.१७	२८१८५.८३	१४०९२.९
७४(२०७६।८।१९	अग्नि इन्कर्पोरेटेड प्रा.ली. (३०००४५५७२)	०१७६५		४९३३६२८.३२	६४१३७१.६८	३२०६८५.८४
७४(२०७६।८।१९	सिप्रदी ट्रेडिङ्ग प्रा.ली. (३०४५०२२)	०३५९६		२३४७६९९.११	३०५२००	१५२६००
१२८(२०७६।११।१६	न्यु श्रेष्ठ इन्टरप्राइजेज, दाङ (३००९१५५२५)	१३३(१५	२०७६।१०।२७	४०७६२८३.०६	५२९९१६.८	२६४९५८.४
२(२०७६।११।२२	ब्रम्हा सप्लायर्स, घोराही (३०२४७१००१)	१२९	२०७६।१०।९	१२२७६००	१५९५८८	७९७९४
७७४(२०७७।३।२९	गुगल ट्रेडर्स **(६०५५९३४९३)**	१२४	२०७७।३।७	१७५७५१२	२२८४७६.५६	११४२३८.२८
२(२०७६।६।७	ब्राहा सप्लायर्स, घोराही (३०२४७१००१)	२८	२०७६।५।२३	१५३२६९८	१९९२५०.७४	९९६२५.६७
४(२०७६।४।९	जोशी फर्निचर ग्यालरी, दाङ (३०३९१३४१२)	११, १२	२०७६।५।११	४४२४००	५७५१२	२८७५६
१०(२०७६।६।१५	सुनिधि ट्रेडर्स दाङ (६०४१२८२२५)	१३	२०७६।६।१०	१११५०४.४१	१४४९५.५९	७२४७.८०
२०(२०७६।६।१७	न्यू अस्टिना निर्माण सेवा, दाङ (३०२८२१९९२)	३	२०७६।६।१५	४०६१०३.७३	५२७९३.४४	२६३९६.७२
२१(२०७६।६।१७	नमस्ते योगी विल्डर्स एण्ड डेभ्लपर्स प्रा.ली. (६०६७८९०४०)	१	२०७६।६।१६	३७५५१५.५२	४८८१७	२४४०८.५
२२(२०७६।६।१७	प्रकृति निर्माण सेवा, दाङ (६०९१२०६५७)	१	२०७६।६।१५	४३५२४९.७५	५६५८२.४६	२८२९१.२३
८६३(२०७७।३।३१	गोल्डफिस ईन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन प्रा.ली (६०९६३०७८७)	३	२०७७।३।२७	८४७७१.५०	११०२०.३	५५१०.१५
२७२(२०७७।२।२१	खत्री निर्माण सेवा, रोल्पा (६०३७६४१५६)	५	२०७७।२।१५	४२८७९७.३२	५५७४३.६२	२७८७१.८१
१३५१(२०७७।१।१०	अरुणोदय व्यापार सेवा (३००३१५९४५)	१५१४	२०७७।१।७	२१८३२९	२८३८२.६७	१४१९१.३८
		१४७४	२०७६।१२।१९	५७४०२१.४४	७४६२२.७	३७३११.३५

दफा	भौ.नं, मिति र ब्यहोरा							बेरुजू रकम
१६(२०७६।६।२	अरुणोदय व्यापार सेवा (३००३१५९४५)	२३०	२०७६।५।१९	१६८९१९.२२	२१९५९.९५	१०९७९.९७		
		१७४	२०७६।५।५	१८७५३६.२०	२४३७९.७०	१२१८९.८५		
		१७६	६०७६।५।५	२२४८५५.५६	२९२३१.२२	१४६१५.६१		
३५२(२०७७।१।१०	क्रिजल आयल सप्लायर्स (६०२६०२७४१)	७७५	२०७६।१२।१९	२१४६०४	२७८९८.५२	१३९४९.२६		
१४(२०७६।६।२		५१	२०७६।४।२८	४६६४०७.८४	६०६३३	३०३१६.५		
१९(२०७७।३।२४	दाङ फन भ्याली प्रा.ली. (६०६७५८५०१)	५	२०७७।३।१६	१४५१७००	१८८७२१	९४३६०.५		
२७(२०७७।३।३०	S.A. Chemical & Surgical Concern (303909877)	१७४७	२०७७।३।१२	९३१७००	१२११२१	६०५६०.५		
जम्मा				२५४५३१४४	३३०८९०८	१६५४४५४		

६४. **आन्तरिक आयः** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ५ दफा २७ बमोजिम कारोवारको लेखा महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत भए बमोजिमको ढांचामा राख्नुपर्ने र सरकारलाई प्राप्त हुने राजश्व र सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन वा त्यसको भोलिपल्ट दाखिला गर्नुपर्ने उल्लेख छ । साथै निम्नबमोजिम राजश्व फारामहरु नराखेकोले आन्तरिक नियन्त्रण हुने गरी तोकिए बमोजिमका निम्न फारमहरु अनिवार्य प्रयोग गरी राजस्वको लेखा राख्नु पर्ने देखिन्छ ।

– नगदी प्राप्ती रसिद म.ले.प फाराम नं. १०१
– दैनिक राजश्व / आम्दानी खाता म.ले.प फाराम नं. १०२
– राजश्व / आम्दानीको शीर्षकगत खाता म.ले.प फाराम नं. १०४
– राजश्व आम्दानीको गोश्वारा खाता म.ले.प फाराम नं. १०५
– राजश्व आम्दानीको दैनिक नगद प्राप्त गोश्वारा खाता म.ले.प फाराम नं. १०६
– राजश्व आम्दानीको दैनिक बैंक भौचर प्राप्त गोश्वारा खाता म.ले.प फाराम नं. १०७
– राजश्व आम्दानीको बैंक नगदी किताब म.ले.प. फा.नं. १०८

६५. **गिट्टी, ढुंगा, बालुवाको करः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ को उपदफा १, १(च), ३ र ४ मा ढुंगा, गिट्टी र बालुवाको करमा प्रदेश तथा स्थानीय तहहरुको दोहोरो अधिकार रहने, करको दर सम्बन्धित प्रदेशले निर्धारण गरी स्थानीय तहहरुले संकलन गरेर प्रदेश स्तरको कोषमा जम्मा गर्ने व्यवस्था गरी प्रदेशले लागु गरेको कानुन अनुसार बाँडफाँड हुने गरेको मा उक्त दफा संघीय आर्थिक ऐन, २०७५ द्वारा खारेज गरी दफा ६२(क) थप गरेर स्थानीय तहहरुले गिट्टी, ढुंगा, बालुवा बिक्री गरी प्राप्त रकम आफ्नो संचित कोषमा जम्मा गर्ने गरी सो करमा स्थानीय तहहरुको एकल अधिकार कायम गरेको देखिन्छ तर सो अनुरुप प्रदेशहरुले तर्जुमा गरेका कानूनहहरु संशोधन गर्नु पर्नेमा नगरेको कारण सो करको बाँडफाँडमा अस्पष्टता देखिएको छ।यस्तो अवस्थामा संघीय कानून अनूसार नै गर्नु पर्दछ।त्यस अतिरिक्त दफा ६२(क) विपरित हुने गरी संघीय मन्त्रीपरिषद्ले ढुंगा, गिट्टी, बालुवा उत्खन्न, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ जारी गरी थप अस्पष्टता सृजना गरेको अवस्था समेत देखियो। स्पष्ट कानूनी व्यवस्था गरी गिट्टि, ढुंङ्गा,वालुवा करको संकलन तथा बाँडफाँड गर्नुपर्दछ।

६६. **आय ठेक्काः** सरकारी ठेक्का बन्दोबस्त ऐन, २०२० को दफा १३ मा टेण्डर दिने वा डाँक दिने वा डाँक बोल्ने व्यक्तिले तोकिए बमोजिमको म्यादभित्र चलान पूर्जी नलिएमा वा पट्टा नउठाएमा निजले राखेको डिपोजिट जफत हुने व्यवस्था छ । कार्यालयले निम्न बमोजिमका आय ठेक्कामा ठेकेदारहरु चलान पुर्जी लिन नआएकाले धरौटी जफत गरी राजश्व दाखिला गर्नुपर्दछ रु. १७१५००

आयठेक्का नं.	कामको विवरण	पार्टीको नाम	न्यूनतम कबोल अंक (भ्याटबाहेक)	५ % डिपोजिट
२।०७६(७७	विज्ञापन कर	छायाँ एडभरटाइजिङ, विराटनगर	१३०००००	६५०००
२१।०७६(७७		गुरुदत्त निर्माण सेवा, घोराही	२१३१०००	१०६५५०
जम्मा				१७१५००

६७. **भ्रमण खर्च :** लुम्बिनी प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् । • अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको । • नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको । • भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको । • कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको । अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।	
	विपद् व्यवस्थापन कोष तर्फ	
६८.	**कार्य योजना -** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरे/गराईएको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ ।	
६९.	**वार्षिक प्रतिवेदन** - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।	
७०.	**सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण -** स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरी अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु एवं अभिलेख राख्नु पर्दछ ।	
७१.	**जग्गा खरिद :** जग्गा प्राप्ति ऐन, २०३४ को दफा (३क) मा प्रदेश वा स्थानीय तहद्धारा सञ्चालन गर्ने परियोजनाका लागि जग्गा आवश्यक पर्ने भएमा सम्वन्धित प्रदेश वा स्थानीय तहले यस ऐन वमोजिमको मुआब्जा र अन्य सबै खर्च व्यहोर्ने गरी कुनै जग्गा प्राप्त गराइ दिन नेपाल सरकार समक्ष अनुरोध गरेमा	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	नेपाल सरकारले त्यस्तो जग्गा प्रदेश वा स्थानिय तहलाई जग्गा प्राप्त गराई दिन सक्ने व्यवस्था छ । सोही ऐनको दफा १३(२) मा मुआब्जा प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा गठन भएको समितिले निर्धारण गरे वमोजिम हुने व्यवस्था छ । यस पालिकावाट यस वर्ष प्रदेशवाट निर्माणाधिन रङ्गशालाका लागि रु ३,१३,५०,०००।- मूल्यको जग्गा खरिद भएको छ ।जग्गा प्राप्ति ऐनको व्यवस्था वमोजिमको प्रक्रिया पूरा गरी जग्गा प्राप्त गर्नु पर्नेमा पालिकाले सोझै सूचना प्रकाशन गरी जग्गा धनीको प्रस्ताव मूल्यमा जग्गा खरिद गरेको नियम सम्मत देखिएन । नियममा भएको व्यवस्थाको पालना गरी जग्गा प्राप्त गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।	
७१.१.	७७२।२०७७।३।२९ : मिलनचोकनेरको शिव घिमिरेको घर हुदै बसपार्क जोड्ने वाटो निर्माण उपभोक्ता समितिलाई सडक वनाउदाँ व्यक्तिको संरचना भत्काय वापत उपभोक्ता समिति मार्फत रु १२,००,०००।- क्षतिपूर्ति दिएको छ । जग्गा प्राप्ति ऐनको व्यवस्था वमोजिम मुआब्जा वितरण तथा जग्गा प्राप्त नगरी उपभोक्ता समिति मार्फत जग्गाको क्षतिपूर्ति दिएको नियम सम्मत देखिएन रु.....	१२०००००
७२.	८५१-२०७७।३।३१ : पालिकाले खरिद गरेको जिन्सी सामान मूल जिन्सी खातामा दाखिला गरी माग फारमका आधारमा निकासा दिई खर्च जनाउनु पर्दछ । यस पालिकाले भुक्षय नियन्त्रण कार्यका लागि वोलपत्रको माध्यमवाट १४१४० वर्ग मी. मेशिन मेड हेक्सा कार्वन तार (१०।१२) स्क्वायर प्रति वर्ग मी. रु २८९।२८ का दरले तारजाली खरिद गरी **Suryodaya Kankrit Pole and Pipe Udhyog** लाई रु ४७,४३,२०८।४५ भुक्तानी दिएको देखियो । खरिद भएका तारजाली पालिकाको मूल जिन्सि खातामा दाखिला भएको देखिएन । वडाले वुझेको भरपाई संलग्न राखि तारजालीको वितरण जनताहरुलाई गरिएको जानकारी पालिकाले दिएको छ । पालिकाले खरिद गरेको सामान मूल जिन्सि खातामा चढाई माग फारमका आधारमा क्रमशः खर्च लेख्नु पर्नेमा सो नगरी वडा कार्यालयहरुले वुझेको भरपाईका आधारमा सोझै खर्च लेखेकोले तारजाली कुन लाभग्राहीले कति परिमाणमा पाए भन्ने सम्वन्धमा एकिन भएन । तारजाली दाखिला तथा वितरण भएको प्रमाण पेश हुनुपर्ने रु.....	४७,४३,२०८
	प्रदेश सरकारवाट हस्तान्तरित (प्रदेश शसर्त)	
७३.	२३-२०७७।३।३१ : पालिकाले खरिद गरेको जिन्सी सामान मूल जिन्सी खातामा दाखिला गरी माग फारमका आधारमा निकासा दिई खर्च जनाउनु पर्दछ । यस पालिकाले गलेना खानेपानी योजना वडा नं. १९ का लागि पाइप खरिद वापत एम. एस. निर्माण सेवा लाई भुक्तानी दिएको छ । खानेपानी योजनाका लागि यस पालिकाले ठेक्कावाट पाईप खरिद गरेकोमा पालिकाको मूल जिन्सि खातामा दाखिला गरेको छैन् । साईट जिन्सि रजिष्टर समेत राखेको छैन् । सम्वन्धित वडा वाट पाईप वुझेको भरपाई का आधारमा पाईपको खर्च लेखेको देखियो । पालिकाको मूल जिन्सि खातामा दाखिला गरी, उपभोक्ता समितिलाई हस्तान्तरण गरी सम्पन्न काम नापी कितावमा (**Measurement Book**) चढाई खर्च लेख्नु पर्नेमा सो नगरी वडा वाट पाईप वुझेको भरपाईका आधारमा खर्च लेखेको नियम सम्मत देखिएन् । निम्नानुसार खरिद भएका पाईप सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) अनुसार प्राविधिक नापजाँच गरी जडान भएको प्रमाण पेश गर्नुपर्ने रु.....	१६५००४६

विवरण	परिमाण	इकाई	रकम
2" dia GI pipe	१०२	Rm	१४०७६०।००
75mm dia HDPE Pipe 6 kg/cm2	१४६४.९३	Kg	४५४१२८।३०
63mm dia HDPE Pipe 6 kg/cm2	११८०.३४	Kg	३३०४९५।२०
50mm dia HDPE Pipe 10 kg/cm2	१६७३.७०	Kg	४३५१६२।००
40mm dia HDPE Pipe 10 kg/cm2	७७१.००	Kg	१७७३३०।००

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	32mm dia HDPE Pipe 10 kg/cm2 ५०९.८७ Kg ११२१७१।४० जम्मा : १६,५०,०४६।९०	
	आन्तरिक लेखापरिक्षणबाट कायम बेरुजु :	
	सामाजिक सुरक्षा तर्फः	
७४.	**पारदर्शिता कायम नगरेकोः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा ३३ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानिय तहको सभामा पेश गर्नुपर्ने, स्थानिय तहले संचालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामेसी सम्बन्धित स्थानिय तहको वेभसाईटमा राख्नुपर्ने व्यवस्था गरेकोमा नगरकार्यपालिकाको कार्यालयले उल्लेखित व्यवस्था परिपालना गरेको पाईएन । कार्यविधिमा उल्लेखित व्यवस्था परिपालना गरी सामाजिक सुरक्षा कार्यक्रमको पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ ।	
७४.१.	सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा १६ (क) मा स्थानिय तहले सम्बन्धित वडा कार्यालय मार्फत प्रथम चौमासिक असोज १ गतेबाट दोस्रो हप्ताभित्र, दोस्रो चौमासिक माघको १ गतेबाट दोस्रो हप्ताभित्र र तेस्रो चौमासिक जेष्ठको १ गतेबाट दोस्रो हप्ताभित्र वितरण गरिसक्नुपर्ने व्यवस्था रहेकोमा सो व्यवस्थाको पालना भएको पाईएन ।	
७४.२.	सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा २५ (क) मा बैंकले लाभग्राहीको खातामा रकम जम्मा भएको स्पष्ट देखिने गरी लाभग्राहीको नाम, बैंक खाता नं र जम्मा भएको रकम सहितको विवरण अनुसूची १३ बमोजिमको ढाँचामा चौमासिक रुपमा सम्बन्धित स्थानिय तहलाई विद्युतिय माध्यममा पठाउनु पर्नेछ र यसै विवरणलाई रकम वितरण भएको भरपाई मानिनेछ भनि उल्लेख भएकोमा कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरणका लागि सम्झौता गरेका बैंकहरुले अनुसूची १३ बमोजिमको ढाँचामा प्रतिवेदन पेश नगरेको र विद्युतिय माध्यमबाट समेत नियमित रुपमा प्रतिवेदन गरेको पाईएन । सो व्यहोरा बैंकसँगको सम्झौतामा पनि उल्लेख भएकोमा सम्झौता बमोजिम बैंकबाट विवरण प्राप्त गरी हिसाब भिडान गर्नुपर्ने देखिन्छ । यसका साथै सामाजिक सुरक्षा वितरण सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन् ➢ Reverse Feed र वितरण गर्न बाँकी रकमको जानकारी बैंकहरुले सम्बन्धित कार्यालयलाई १५ दिनभित्र उपलब्ध गराउनु पर्नेमा नगरेको । ➢ निष्क्रिय खाताको विवरण प्रत्येक श्रावण र माघ मसान्तभित्र केन्द्रीय पञ्चीकरण विभागलाई दिनुपर्नेमा तोकिएको अवधिमा सम्बन्धित निकायलाई उपलब्ध नगराएको ।	
	स्थानिय पूर्वाधार विकास साझेदारी कार्यक्रमः	
७५.	स्थानिय पूर्वाधार विकास साझेदारी कार्यक्रम (संचालन कार्यविधि) नियमावली, २०७६ को नियम ८ मा आयोजनाको किसिमका सम्बन्धमा उल्लेख गरेको छ । यस्तै नियम ९ मा अनुसूची २ बमोजिमको ढाँचामा विवरण तयार गरी आयोजना छनोट भएको पन्ध्र दिनभित्र मन्त्रालय तथा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ भन्ने व्यवस्था भएतापनि छनोट भएका आयोजनाहरुको विवरण कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश भएको पाईएन । नियम वमोजिम विवरण पेश हुनुपर्दछ ।	
७५.१.	स्थानिय पूर्वाधार विकास साझेदारी कार्यक्रम (संचालन कार्यविधि) नियमावली, २०७६ को नियम ११ को उपनियम ३ मा रु. पचास लाख रुपियाँ वा सोभन्दा बढी रकमको लागत अनुमान भएका आयोजना बोलपत्रको माध्यमबाट ठेक्का लगाउनुपर्ने व्यवस्था भएकोमा तपशिल बमोजिमका आयोजना उपभोक्ता समितिवाट गराएको पाइयो । नियममा भएको व्यवस्थाको पालना नभएको रु. **योजनाको नाम** — **लागत अनुमान**	१०३०३६८२

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम

नेत्र गुमराह स्मृति भवन निर्माण योजना	५०७७३६५.७९
काउले देखि ठाँटीगाउँ सडक नयाँ ट्रयाक तथा स्तरोन्नती	५२२६३१५.७९
जम्मा	१०३०३६८१.५८

७६. **पेश्की बांकीः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७४ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम दिएका पेश्कीहरु नियमअनुसार फछ्र्यौट गर्नु पर्दछ । निम्नबमोजिमका पदाधिकारी, कर्मचारी, उपभोक्ता समिति तथा निर्माण व्यवसायीलाई दिएको पेश्की आर्थिक बर्षको अन्तसम्म फछ्र्यौट नगरेकोले नियमानुसार फछ्र्यौट गर्नुपर्ने रु. — ५७५७८३

पेश्की लिनेको नाम	गो. भौ. र पेश्की मिति	पेश्की प्रयोजन	रकम
केशर बहादुर रावत	-	कर्मचारी ।कार्यालय संचालन	५००००
सौना चौधरी	-	कर्मचारी ।कार्यालय संचालन	१५००००
प्रतिमा निर्माण सेवा		संस्थागत	६७२६०२
नेपाल विद्युत प्राधिकरण		व्यक्तिगत	३७५७८३
जम्मा			१२४८३८५

अनुगमन तथा सम्परीक्षण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।

गत वर्षसम्मको बेरुजू (A)	यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B)	गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B)
२३३२६२०००	८५७०३६६.००	२२४६९१६३४

यस वर्ष फछ्र्यौट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।

सि.नं	आ.व.	वेरुजु दफा नं.	वेरुजुको संक्षिप्त व्यहोरा	बेरुजु फछ्र्यौट । सम्परीक्षणको आधार	सम्परीक्षण
१	०७५।७६	६	नियमानुसार पेश्की फछ्र्योट नभएको	निम्नानुसार व्यक्ति तथा संस्थाहरुको विल, भरपाई र फरफारकका आधारमा पेश्की फछ्र्यौट भएको गोश्वारा भौचर सहितका कागजात प्राप्त भएको । **पेश्की लिनेको नाम — रकम** १.तिलक राम डि.सी. — ७०२००० २.बिना शर्मा — ६७७७९१ ३.स्मृति भण्डारी — ५०००० ४.उमेश शर्मा — १५०००००० ५.वेष्ट्रन डेभलपमेन्ट कन्स्ट्रक्सन — ७५०७१८ ६.राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान — ५५०००० ७. बीर बहादुर वली — १२४४३१५ ८. नारायण प्रसाद आचार्य — ४४४००० **जम्मा — ५९१८८२४**	५९१८८२४
२	०७५।७६	१५.९	विल भरपाई वेगर खर्च	विल भरपाई वेगर खर्च गरेको रकम दाखिला प्रमाण पेश	९७९३
३	०७५।७६	२१.५	भरपाई भन्दा बढी छात्रवृत्ति वितरण	भरतपुर मा.वि. ले रु. ७६०० को दाखिला प्रमाण पेश	७६००

दफा	भौ.नं, मिति र ब्यहोरा					बेरुजू रकम
					गरेको ।	
	४	०७५।७६	२१.४	भरपाई भन्दा बढी छात्रवृत्ति वितरण	भरतपुर मा.वि. ले रु. ७६०० को दाखिला प्रमाण पेश गरेको ।	८३३१७
	५	०७४।७५	१४, १५	भरपाई विना अनुगमन खर्च लेखेको	खोपीराम चौधरीले बैंक दाखिला गरेको प्रमाण पेश ।	१५३००
	६	०७५।७६	१४.७	दररेट फरक पारी भुक्तानी	चेपे ड्याम निर्माणमा दररेट फरकपारी बढी भुक्तानी भनिएकोमा दररेट विश्लेषणको कागजात पेश भएकोमा उक्त दररेट बढी भएको नभई वास्तविक रहेको देखिएकोले संपरीक्षण	२५३५५३२
	जम्मा					**८५७०३६६**
७७.	उल्लिखित सम्परीक्षणबाट निम्नानुसार थप वेरुजु कायम भएको छ ।					१८७६५०

सि.नं.	आ.व.	वेरुजु दफा नं.	वेरुजुको संक्षिप्त व्यहोरा	रकम
१	२०७५।०७६	६	पारिश्रमिक कर वापत जम्मा हुनुपर्ने रु.१८७६५० संचित कोष खातामा जम्मा भएकोले कर दाखिला गर्नुपर्ने रु.	१८७६५०

अनुसूची-१

घोराही उप-महानगरपालिकाको संचितकोष विवरण
२०७६/७७

(रु. हजारमा)

जिल्ला	स्थानीय तह	लेखापरीक्षण रकम	बेरुजू रकम	प्रतिशत	आय						व्यय				मौज्दात बाँकी
					गतवर्षको जिम्मेवारी	संघ तथा प्रदेश अनुदान	राजस्व बाँडफाँट रकम	आन्तरिक आय	अन्य आय	जम्मा आय	चालु खर्च	पूंजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
दाङ	घोराही उप-महानगरपालिका	३९५२४५७	१११२१६	२.८१४	१९९७४८	१०८१७१५	२९६९८३	१५९६०८	५९८६७४	२३३६७२८	९१११०४	३८२१८५	५२२१८८	१८१५४७७	५२१२५१

अनुसुची-२

घोराही उप-महानगरपालिकाको बेरुजु बर्गिकरण(विनियोजन, राजस्व, धरौटी तथा अन्य कारोबार)

(रु. हजारमा)

जिल्ला	स्थानीय तह	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजू			बाँकी बेरुजू								
		दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	अशुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजश्व लगत जिम्मेवारी नसारेको	सोधभनां नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
दाङ	घोराही उप-महानगरपालिका	६४	२२	१११२१६	०	०	०	६४	२२	१११२१६	१९५३०	७८१९८	१२९१२	०	०	९१११०	२००	३७६	५७६

अनुसुची-३

घोराही उप-महानगरपालिकाको अध्यावधिक बेरुजु स्थिति

(रु. हजारमा)

जिल्ला	स्थानीय तह	गत बर्ष सम्मको बाँकी बेरुजु	समायोजन	सं प को लागि अनुरोध भइ आएको रकम	संपरीक्षण भएको रकम	संपरीक्षण गर्न नमिलेको रकम	कारवाही गर्न बाँकी रकम	गत वर्षसम्मको बाँकी रकम	यो वर्षको थप रकम	यस वर्ष सम्मको बाँकी बेरुजु	यस वर्ष सम्मको बाँकी बेरुजु मध्ये पेश्की
दाङ	घोराही उप-महानगरपालिका	२५९५०६	(२६२४४)	८५७०	८५७०	०	०	२२४६९२	१११२१६	३३५९०८	२६९३६